खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति" को कमाल
त्रिशक्ति ट्रेक्टर

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
Madheshdristi National Daily



शिक्षामा राजनीति नहोस् : सांसद जुली
पृष्ठ ३ मा

● वर्ष १ ● अंक २७ ● २०७९ साल मंसिर २० गते मंगलवार ● Tuesday 6, Dec. 2022 ● पृष्ठ ८ ● मूल्य रु. ५/-

भित्र

पृष्ठ २ मा
ख्यातीप्राप्त कलकार हरुले हँसाए चन्द्रपुर

पृष्ठ ३ मा
गठबन्धनको आवश्यकतालाई पुनः पुष्टि

पृष्ठ ४ मा
के हो सोशियल इन्जिनियरिङ ?

पृष्ठ ५ मा
सुन्तलाको बजारी करणमा समस्या भ्mे ल्दै किसान

पृष्ठ ६ मा
संसद् भवन निर्माणमा कानून उल्लंघन

पृष्ठ ७ मा
चर्चित फ्रान्सेली ले खक लापियरेको निधन

# जतातत‍ै अनुमति विनाका अस्पताल

अनुमति नलिएको, विशेषज्ञ डाक्टरको नाममा योग्यता नपुगेका स्वास्थ्यकर्मीले उपचार गर्दै आएको, उपचारको नाममा बिरामीसँग बढी रकम असुली गर्ने गरेको लगायतका जनगुनासो आएपनि नियमनकारी निकाय मौन देखिन्छ

मुकेश यादव
सिरहा १९ मंसिर

सिराहामा नियामक निकायको मिलोमतोमा मापदण्ड विपरित अनुमति विनाका अस्पताल तथा पोलिक्लिनिकहरु खु लिरहेका छन् । निमयनकारी निकायको मौनता कारण जिल्लाको लहान, धनगढीमाई, गोलबजार, मिर्चैया, सिराहा सदरमुकाम लगायतमा सयौंको संख्यामा अनुमति विना नै अस्पताल तथा क्लिनिकहरु खुल्ने तथा वर्षोदेखी संचालनमा रहेका छन्।




स्थानीय निकाय, प्रहरी प्रशासनलाई मिलाएर अनुमति विनाका, मापदण्ड विपरित अवैध अस्पताल तथा क्लिनिकहरु सञ्चालन भएको जानकारहरुको आरोप छ । लहान नगरपालिकामामात्र सयौंको संख्यामा क्लिनिक तथा अस्पतालहरु संचालनमा रहे पनि जम्मा ४ वटा अस्पताल र ६ वटा क्लिनिकलेमात्र अनुमति लिएको स्वास्थ्य शाखा प्रमुख जगदिश मण्डलले जानकारी दिए । स्वास्थ्य शाखा प्रमुख मण्डल आफैले लाहान ८ मा संचालन गरेको मण्डल क्लिनिक समेत विनादर्ताको नाम नखोल्ने सर्तमा एकजना स्वास्थ्यकर्मीले बताए । उनले भने, 'नियमनकारी निकायले नै दर्ता प्रकृयाको लागी फाइल पेश गर्ने क्लिनिक तथा अस्पतालहरुसँग अवैध रकम लिएर संचालन गर्ने छुट दिएको छ। गोलबजार नगरपालिकामा पनि विना दर्ताका अस्पताल तथा क्लिनिकहरु खुलेपनि नियमनकारी निकाय मौन रहेको देखिन्छ। गोलबजारको मूख्य बजारक्षेत्र ४ र ६ नम्वर वडा तथा ७ र ८ नम्वर चोहर्वामा अनुमिति विनै तीन दर्जनभन्दा बढी अस्पताल तथा क्लिनिकहरु नियम कानुन विपरित सञ्चाल भएपनि जनप्रतिनिधी तथा स्वास्थ्य शाखाका कर्मचारीहरु भने मौन सर्मथन गरेभ्mै गुमनाम बसेका छन् । सम्बन्धित निकायबाट अनुमति नलिएको, विशेषज्ञ डाक्टरको नाममा योग्यता नपुगेका स्वास्थ्यकर्मीले उपचार गर्दै आएको, उपचारको नाममा बिरामीसँग बढी रकम असुली गर्ने गरेको लगायतका जनगुनासो आएपनि नियमनकारी निकाय मौन देखिन्छ । गोलबजारमा मात्रै करिव ३ दर्जन भन्दा बढी मापदण्ड नपुगेका अस्पताल, पोलिक्लिनिक,र ल्यावहरु सचालनमा रहेको नगर स्वस्थ्य शाखाले जनाएको छ । स्वास्थ्य शाखा प्रमुख कर्णले क्लिनिकहरु धेरै खुलेका भएपनि केहीले अनुमतिको लागि कागजात पेश गरेपनि चुनाव तथा जनप्रतिनिधीको व्यस्तताका कारण अनुगमन गर्न नसकिएको बताए। उनले भने, 'हामी योजना बनाउँदै छौं, अव तत्कालै सवै स्वास्थ्य संस्थाहरुको अनुगमन गरी प्रकृया पुगेकाहरुलाई अनुमति दिने र नपुगेकाहरुलाई कारवाहीको प्रकृयामा जान्छौं ।' जन स्वास्थ्य सेवा नियामावली अनुसार वार्षिक रुपमा नविकरण फेल भएको ३ महिना भित्र नविकरण गर्नु पर्ने प्रावधान छ। तर, गोलबजारमा दुई आर्थिक वर्षदेखि यसको कुनै काम भएको छैन।

जिल्ला बाहिर दर्ता भएपनि नविकरण समेत नभएको उतिमलाल मेमोरीयल अस्पताल प्रा.लि. समेतगोलबजारमासञ्चालनमा आएको छ । नियमनकारी निकायको गैरजिम्मेवार पनका कारण उनीहरुको नाकै अगाडी अस्पताल खुलेको जानकार हरुको भनाई छ ।


गोलबजार नगर स्वास्थ्य शाखामा नविकरण्का लागी फाइल पेश गरिएका गोलबजार हेल्थ केयर सेन्टर, अजय डेन्टल ,सगरमाथा मोडेल अस्पताल र एस पोली क्लिनिक, भुमिजा हस्पिटलको करिव २ वर्षदेखि नविकरण नै नगरीएको स्वस्थ्य शाखा प्रमुख कर्णले स्विकारेका छन्। उनले भन्ने, 'नगरभित्र संचालनमा रहेको १२ वटा स्वास्थ्य संस्थाले फाइल पेश गरेको भएपनि अनुगमन हुन सकेको छैन् ।

कतिपय स्वास्थ्यसंस्था संचालकहरुले भने नविकरण लागि अवैध रकम नदिएकै कारण काम अगाडि नवढेको बताउँछन् । जनस्वास्थ्य सेवा नियमावली, २०७७ को नियम १२ (१) मा कसैले पनि इजाजतपत्र नलिई गैरसरकारी, सरकारी वा गैरनाफामूलक सामुदायिक स्वास्थ्य संस्था सञ्चालन गर्न वा त्यस्तो संस्थाबाट स्वास्थ्य सेवा उपलब्ध गराउन नहुने उल्लेख भएपनि सिराहामा भने कानुनलाई लत्याउँदै सयौँको संख्यामा मापदण्ड विपरित अवैध रुपमा पोलिक्लिनिक, औषधी पसल, अस्पताल, र ल्यावहरु संचालमा रहेका छन् ।

# प्रदेशसभाः ३३० मा कांग्रेस पहिलो

*बागमति, गण्डकी, कर्णाली, सुदुरपश्चिममा कांग्रेस, एक नम्बर, मधेश र लुम्बिनीमा एमाले पहिलो*

सातवटै प्रदेशसभाको तीन सय ३० निर्वाचन क्षेत्रको प्रत्यक्षतर्फको परिणाम सार्वजनिक भएको छ । प्रदेशसभाको प्रत्यक्षतर्फ नेपाली कांग्रेस चार र नेकपा एमाले दुई प्रदेशमा ठूलो दल बनेका छन् । बागमती, गण्डकी र सुदूरपश्चिम प्रदेशमा कांग्रेस पहिलो पार्टी




बन्दा एमाले मधेस प्रदेश, १ नं प्रदेश र लुम्बिनी प्रदेशमा पहिलो बनेको छ । कर्णाली प्रदेशमा प्रत्यक्षतर्फ कांग्रेस र नेकपा (माओवादी केन्द्र) समान नौ/नौ स्थानमा विजयी भएका छन् । सातै प्रदेशको गणना गर्दा प्रदेशसभामा एक सय ११ स्थानमा विजयी हुँदै नेपाली कांग्रेस ठूलो दल बनेको छ। नेकपा (एमाले)ले ९१ सिटमा विजयी भएर दोश्रो । नेकपा (माओवादी केन्द्र)ले ५४ सिट साथ तेश्रो नेकपा (एकीकृत समाजवादी) ले १५ सिट सहित पाँचौं, राष्ट्रिय प्रजातन्त्र पार्टी र जनता समाजवादी पार्टी नेपालले ११/११ सिटमा विजयी भएका छन् भने लोकतान्त्रिक समाजवादी पार्टीले नौ, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीले सात/सात तथा नेपाल मजदुर किसान पार्टी र हाम्रो स्वाभिमान पार्टीले एक/एक स्थानमा जित हासिल गरेका छन् । प्रदेशसभामा १२ स्वतन्त्र उम्मेदवार विजयी भएको निर्वाचन आयोगले जनाएको छ । प्रदेश नं १ को प्रत्यक्षतर्फको ५६ सिटमा कांग्रेस १७, एमाले २५, माओवादी केन्द्र नौ र एकीकृत समाजवादी दुई स्थानमा विजयी भएका छन् । मधेस प्रदेशको ६४ सिटमा कांग्रेस १३, एमाले १५, जसपा नौ, लोसपा सात, जनमत पार्टी छ, माओवादी केन्द्र र एकीकृत समाजवादी चार/चार स्थानमा विजयी भएका छन् । मधेस प्रदेशसभामा छ स्वतन्त्र उम्मेदवार विजयी भएका छन् । बागमती प्रदेशसभाका ६६ सिटमा कांग्रेस २५, माओवादी केन्द्र १४, एमाले १३, राप्रपा सात, एकीकृत समाजवादी पाँच तथा नेमकिपा र हाम्रो नेपाली पार्टी एक/एक स्थानमा तथा गण्डकी प्रदेशसभाका ३६ सिटमा कांग्रेस १८, एमाले १२, माओवादी पाँच र एक स्वतन्त्र उम्मेदवार विजयी भएका छन् । लुम्बिनी प्रदेशसभाका ५२ क्षेत्रमा एमाले १८, कांग्रेस १७, माओवादी पाँच, राप्रपा, जसपा, लोसपा र नागरिक उन्मुक्ति पार्टी दुई/दुई, जनमत पार्टी एक तथा तीन स्वतन्त्र उम्मेदवार निर्वाचित भएका छन् । कर्णाली प्रदेशसभाका २४ सिटमा कांग्रेस र माओवादी नौ/नौ, एमाले पाँच र स्वतन्त्र एक तथा सुदूरपश्चिम प्रदेशसभाका ३२ क्षेत्रमा कांग्रेस १२, माओवादी केन्द्र आठ, नागरिक उन्मुक्ति पार्टी पाँच, एमाले र एकीकृत समाजवादी तीन/तीन तथा एक स्वतन्त्र उम्मेदवार विजयी भएका छन् । रासस

# कफीः आफ्नै क्षमता चिन्न नसकिएको नेपाल

## माग उच्च, उत्पादन न्यून



नेपालमा आयातित वस्तु अत्याधिक भएको कारण व्यापार घाटा भ्mेलीरहेको बेलामा विदेशमा उच्च माग भएको कफी निर्यात गरी विदेशी मुद्रा आर्जन गर्नबाट भने नेपाल चुकेको सरोकारवालाहरूको भनाई छ। नेपालको हावापानी र कफी खेती हुने उचाइको कारण गुणस्तरीय कफी उत्पादन गर्न सकिने प्रबल सम्भावना रहेको र सोही अनुसारका सीमित रुपमा कफी उत्पादन भइरहे पनि सरकारको कृषि लगानीमा प्राथमिकतामा नपर्नु, कफी खेतीमा संलग्न किसानको सकस र युवा पुस्तालाई आकर्षित गर्न नसक्नु लगायतको कारण यसको विस्तार हुन सकेका छैन ।

गुणस्तरीय कफीको उत्पादन जति गर्न सके पनि बजारको कुनै समस्या नभएको राष्ट्रिय चिया तथा कफी विकास बोर्डका कार्यकारी निर्देशक डा. विष्णुप्रसाद भट्टराईको भनाई छ। यो शुक्रबार १८ औं राष्ट्रिय कफी दिवस थियो। ' व्यवसायिक कफी खेतीमा जोड- गुणस्तरीय उत्पादन हाम्रो अठोट' भन्ने मूल नारा लिएर विदुरमा मनाउँदै गर्दा सबैले कफी उत्पादनमा जोड दिएका थिए। तर, कफी खेतीमा किसानलाई कसरी आकर्षित गराउने, खेती विस्तार र गुणस्तरीय कफी उत्पादन कसरी गर्न सकिन्छ ? भन्नेमा कुनै छलफल भएन। दिवसका केबल औपचारिकतामा सीमित भए पनि कम्तीमा स्थानीय सरकारका प्रतिनिधिहरूले यहाँ गरेका प्रतिवद्धतालाई पालिकाको नीति तथा कार्यक्रममा परेर कार्यन्वयन भएमा नुवाकोटको कफी उत्पादनले उछाल ल्याउने सम्भावना भने देखिएको छ। हाल नेपालमा ४३ जिल्लामा कफी उत्पादन भइरहेको र त्यसमध्ये धेरै कफी उत्पादन हुने जिल्लामा नुवाकोट अग्रणी स्थानमा रहेको छ।

बोर्डका कार्यकारी निर्देशक डा. भट्टराईले स्थानीय सरकार हरूले बाटोमा मात्र होइन माटोमा पनि लगानी बढाउन पर्नेमा जोड दिनुभयो। 'जब माटो (कृषि) का सरकार हरूको लगानी बढ्छ। त्यसले कृषिमा परिवर्तन ल्याउँछ। त्यसमा पनि कफीमा गरिएको लगानीले विदेशी मुद्रा आर्जन गर्न सघाउँछ' डा. भट्टराई भन्नुभयो 'नुवाकोट र रसुवाको कफी उत्पादन अन्तर्राष्ट्रिय बजारको लागि उपयुक्त छ। यसले विश्वास आर्जन गरिरहेको छ। त्यसैले यहाँका स्थानीय सरकारले कफीमा लगानी बढाउनु पर्छ।'

डा. भट्टराईले नुवाकोटको चिया समेत राम्रो उत्पादन भईरहेको भए पनि नुवाकोटले त्यसलाई चिन्न नसकेको समेत उल्लेख गर्दै भन्नुभयो 'हामीले आफ्नै क्षमता चिन्न सकेनौँ। संघ, प्रदेश र स्थानीय सरकारले सहकार्य गरी आर्थिक समृद्धिको लागि कफी र चिया

- बाँकी पृष्ठ २ मा

२० औ बार्षिकोत्सवको उपलक्ष्यमा
रक्तदान गर्न-यहाँ, यहाँको परिवार र आफन्तहरुलाई चुले निम्तो छ ।
मितिः २०७९।८।२४ गते शनिवार
समयः विहान ७ बजेदेखि
स्थानः रेडियो वीरगंज परिषर, मुर्लि बगैचा
आयोजकः
रेडियो वीरगंज ९९ एफ. एम. परिवार
फोन नं. ०५१-५२८२९९, ९८५५०२१२८१
सफलताको हाम्रो पाईला अब २१ औं बर्षमा प्रवेश

# ख्यातीप्राप्त कलकारहरुले हँसाए चन्द्रपुर

मुकेश कुमार साह
रौतहट मंसिर १९

दर्शकलाई विभिन्न हास्य विषय वस्तु मार्फत पेट मिचिमिचि हास्न बाध्य बनाउने कलाकारहरु आइतबार साझ चन्द्रपुरमा देखिए ।

देशकै चर्चित कलाकारहरु आउने खवर सुनेका स्थानीय बिभिन्न तह-तप्काका ब्यक्तीहरु कार्यक्रम आयोजना भएको होटल अशोकामा आएका थिए ।

हास्य कलाकारलाई हेर्न आएक ादर्शकहरु सुरुदेखि अन्तसम्म नै पेट मिचिमिचि हासेका थिए । विभिन्न रुप धारण गरी हास्यकलाकारहरु जितु नेपाल“मुन्द्रे”शिवशंकर रिजाल“जोगिन्दर पानवाला” सुरेन्द्र केसि “मुलासाग” सुमन कार्कीले हास्य प्रस्तुति गर्दा दर्शकहरुले हासो खप्न सकेनन् । हास्यकलाकारलाई साथ दिन गायिका मिलन नेवार र गायिका राधिका कंडेल लगायत पनि आएका थिए । उनीहरुले पनि विभिन्न लोकप्रीय नेपाली गितहरु गाएर दर्शकहरुलाई मनोरञ्जन दिएको दिए । निरज नेपालको प्यारोडि डान्सबाट सुरु भएको कार्यक्रमलाई सुमन कार्कीको स्ट्यान्ड अपकमेडीले पेट मिचिमिचि हाँस्न बाध्यपारेको थियो । उनले ऋषी धमला लगायत शीर्ष नेताहरुको क्यारिकेचर गर्दै समसामायिक विषय वस्तुमा गरेको चोटिलो व्यङ्गले दर्शकको वाहवाही पाएको थियो । समसामायिक तथा नेपाली परिवेशको कथालाई व्यङात्मक प्रस्तुति सहित तिखो कटाक्ष गरेका कलाकारहरुले नेपाली राजनीतिक दल तथा समाजमा भईरहेका विकृति विसंगतिहरु यथार्थ देखाउने प्रयास गरेका थिए ।

कार्यक्रममा गायिका मिलन नेवारको ‘फुलबट्टे सारी’ लगायतका चर्चित गितहरु गाउँदा हलमा भएका दर्शकहरु नाँच्दै झुम्दै मनोरञ्जन लिएका थिए ।

हास्य कलाकारहरुलाई चन्द्रपुरमा ल्याएको थियो उद्योग बाणिज्य संघ चन्द्रपुरले ।संघको भवननिर्माण सहयोगार्थ च्यारिटी सो कार्यक्रम गरिएको संघका अध्यक्ष उदयनारायण सापकोटाले जनाए । साँझ ६ बजे बाट सुरु भएको उक्तकार्यक्रम करिब ९ बजे सम्पन्न भएको थियो ।

गोल्डेन ओकेको प्रवर्द्धनको लागि गोल्डेन ओके कमेडी यात्रामार्फत देश दौडाहामा लागेको हो। प्रवर्द्धन काक्रममा यसअघि १५ गते गाइघाट , १६ मलङ्वा, १७ बिरगन्जहुदै १८ गते चन्द्रपुरमा गरेको हो । कार्यक्रममा रौतहट क्षेत्र नम्बर ४ का प्रतिनिधि सभा सदस्य देव प्रसाद तिमल्सेना, चन्द्रपुर नगरपालिकाका मेयर सञ्जय कुमार काफ्ले लगायत विभिन्न क्षेत्र सँग आवद्ध व्यकतीहरु सहित कादर्शकको समेत बाक्लो उपस्थिति रहेको थियो ।



# लैङगिक हिंसा बिरुद्ध कार्यक्रम सम्पन्न



मुकेश कुमार साह
रौतहट १९,मंसिर

नोभेम्वर २५ देखि दिसेम्बर १० सम्म अन्तर्राष्ट्रिय अभियानको रुपमा लैङगिक हिंसा बिरुद्ध विभिन्न कार्यक्रमहरु जारी छ ।

लैङगिक हिंसा बिरुद्ध १६ दिने अभियान अनुसार समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत जिल्ला प्रहरी कार्यालय रौतहट , प्रहरी चौकी सन्तपुर, प्रहरी चौकी मठिया र अस्थायी प्रहरी पोष्ट जुडीवेला तथा माण्डवी संस्थनको सहकार्यमा सम्पन्न भएका छन् ।

“सभ्य समाजको पहिचान लैङगिक हिंसा बिरुद्धको अभियान“भन्ने राष्ट्रिय नाराका साथ मंसिर १७, १८ र १९ गते विभिन्न कार्यक्रमको आयोजना भएका छन् ।

मंसिर १७गते चन्द्रपुर न.पा. वडा नं ८ सन्तपुरमा बाल यौन दुरुपयोग सम्वन्धी जनचेतना मुलक कार्यक्रम,१८ गते ईशनाथ न.पा.वडा नं.३ स्थित श्री जनता मा.विऔरैयामा“लैङगिक हिंसा विरुद्ध ” सम्बन्धी प्रशिक्षण कार्यक्रम यस्तै १८ गते चन्द्रपुर न.पा. वडा नं २ जुडिवेलामा लागु औषध तथा महिला हिंसा न्यूनिकरण सम्वन्धी जनचेतना मुलक कार्यक्रम सम्पन्न भएका छन् । यस्तै १९ गते ईशनाथ न.पा.वडा नं.४ स्थित रहेको पल्टुवा टोलमालागु औषध ओसारपसार सम्बन्धी“जनचेतनामूलककार्यक्रमगरिएको छ ।

कार्यक्रममा विद्यालयहरुमा अध्ययनरत विधार्थी तथा स्थानीय, भद्रभलादमी, समाजसेवी, वुद्धिजिवीहरुको सहभागिता रहेको थियो ।

# विपन्न परीवारलाई कम्वल वितरण

मधेशदृष्टि
सिरहा, १९ मंसिर ।


तराई मधेशका जिल्लाहरुमा चिसोबढेसँगै सिराहाका विभिन्न पालिकाहरुमा अतिविपन्न घर परीवारलाई कम्वल वितरण गरेको छ। हेल्पिङ हर्ट नेपालको सहयोगमा जिल्लाको लहान, गोलबजार, महनौर,र अर्नमा गाउँ पालिकामा गरी २५० गरिव, दलित, विपन्न तथा एकलमहिलाहरुलाई ब्लाइङकेट प्रदान गरिएको हो।

सिराहामा बढदो सितलहरका कारण गरिव,दलितको कठ्याङ्ग्रीएर मृत्यु सम्म हुने गरेको बाट जोगिन जिल्लाको लहान नगरपालिकाको ५ र १९ नम्वर वडामा ५०/५०, थान गोलबजार नगरपालिका ११ बलकावा, नरहा गाउँ पालिका ३ खोरिया, अर्नमा गाउँ पालिका १ महनौरमा ५०/५० घर परीवारलाई कम्वल प्रदान गरिएको संस्थाका जिल्ला संयोजक जियाउद्दिन खानले जानाएको छ ।

तराई मधेशमा शितलहरका कारण वर्षेनी गरिव विपन्न परिवार कठ्याङ्ग्रीएर मृत्युसम्म हुने गरेकाले उहाँहरुको जीवनरक्षाको लागि संस्थाले आफ्नो दायीत्व निर्वाह गरेको संयोजक खानले बताए।

संस्थाले विगत ३२ वर्षदेखि शिक्षा, स्वास्थ्य र सुरक्षित बसोबास लगायतको सामाजिक कार्यगर्दै आएको खानले बताए।

# ग्रेडर र ट्रयाक्टरको ब्याट्री चोरी



मधेशदृष्टि
बारा, मंसिर १९

सिचाइ कार्यालय परिसरबाट आइतवार राती कलैया उपमहानगरपालिकाको ग्रेडर र ट्रयाक्टरको ब्याट्री चोरी भएको छ। रात्री समयमा पार्किङ गरेर राखिएको एटटा ग्रेडर र ५ वटा ट्रयाक्टरको ब्याट्री चोरी भएको हो। कलैया उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नाथु साहले ग्रेडरको १५० एम्पीयरको दुईवटा र सय एम्पीयरको पाँच वटा ब्याट्री चोरी भएको हो ।

उपमहानगरपालिकाले पछिल्लो एक महिनादेखी कलैया ५ स्थित सिचाइ कार्यालय परिसरमा गाडी राख्दै आएको थियो । साहले लगभग ३ लाखको हाराहारीमा पर्ने ब्याट्री चोरी भएको जनाए । सिचाइ कार्यालयको उक्त भवनमा कलैयास्थित अस्थायी ट्राफिक पोष्टमा कार्यरत ७ जना ट्राफिक प्रहरी र कलैया उपमहानगरपालिकाका ४ जना कर्मचारीहरु बस्दै आएका थिए । ट्राफिक प्रहरी र कर्मचारी बस्दै आएको कार्यालय परिसरबाट ब्याट्री चोरी भएको हो । जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायब उपरीक्षक राजेश थापाले ब्याट्री चोरी भएको घटनाको सम्बन्धमा अनुसन्धान सुरु भएको र क्राइम टोली परिचालन गरिएको जानकारी दिएका छन् ।

## आफ्नै क्षमता चिन्न नसकिएको .................

नै उत्कृष्ट छनौट हो। त्यसमा पनि कफीको लागि नुवाकोट अत्यन्त उर्वर भूमि हो। यसलाई तपाईंहरू चिन्नुस्।’

विश्व बजारमा नेपालको कफी विश्वको जुनसुकै बजारमा पठाए पनि फिर्ता नआउने कार्यकारी निर्देशक डा. भट्टराईले ठोकुवा गर्नुभयो। बजारको कुनै समस्या नहुने र विश्वमा नै कफीको माग उच्च हुँदै गएकोले नेपालको लागि विश्व बजार नै खुला रहेको उहाँको भनाई छ। नेपालमा उत्पादन हुने कफीको २० प्रतिशत कफी निर्यात भइरहेको छ । वागमती प्रदेशसभाका सदस्य रमेशकुमार महतले कफीको विस्तार र किसानसम्म प्रविधि पुर्याउन पहल गर्ने बताउनुभयो। बोर्डका उपाध्यक्ष केशरबहादुर सिटौलाले किसानलाई गुणस्तरी कफी उत्पादनको लागि आधुनिक प्रविधिको खाँचो रहेकोले त्यसलाई विस्तार गर्न बोर्ड लागिपरेको बताउनुभयो ।

रसुवाका कालिका गाउँपालिकाका अध्यक्ष हरिकृष्ण देवकोटाले आफू पर्यटन व्यवसायमा संलग्न भएकोले धेरै विदेशीले नेपाली कफीको स्वाद राम्रो रहेको बताउने गरेको जानकारी दिँदै भन्नुभयो ‘मैले व्यक्तिगत रुपमा वर्षमा चार हजार किलोसम्म कफी विदेश पठाएको छु। हामीले अर्गानिक कफी फार्म विकास गर्न सके विदेशीहरू कफी चाख्नकै लागि ओइरिनेछन्।’

कफी उत्पादन केही गाह्रो र झन्झटिलो भए पनि यसको प्रचुर ज्ञान, महत्व र मूल्यको विषयमा किसानलाई बुझाउन नसकेको कारण नै खेती विस्तार हुन नसकेको अध्यक्ष देवकोटाको बुझाई छ। ‘हाम्रा अधिकांश पाखा पखेराहरू कफी खेतीको लागि उपयुक्त छ। तर, किन हो किसानको आकर्षण कम छ। कफी विस्तारको लागि संघीय सरकारदेखि विशेष कार्यक्रम ल्याउनु पर्छ’ अध्यक्ष देवकोटाले भन्नुभयो।

### तथ्याङ्कमा कफी

नेपालमा वार्षिक तीन सय ५५ मेट्रिक टन ग्रीन बीन कफी उत्पादन हुने गरेको छ। उत्पादित कफीमध्ये २० प्रतिशत हाराहारी विदेश निर्यात हुँदै आएको छ। अन्तर्राष्ट्रिय कफी संगठन (क्षऋइ) सहयोगमा बोर्डले गरेको अनुगमनमा नेपालको आन्तरिक बजारमा दुई हजार एक सय ६० मेट्रिक टन कफी वार्षिक रुपमा खपत हुने गरेको पाइएको छ। नेपालको उत्पादनले आन्तरिक बजारमा एक महिलाको लागि पनि माग धान्न सक्दैन।

आ.व. २०७७/०७८ मा रु.१० करोड ६७ लाखको एक सय ९८.७ मेट्रिक टन कफी आयात हुँदा रु. नौ करोड ६० लाखको ७२.४८ मेट्रिक टन कफी निर्यात भएको भन्सार विभागको तथ्यांक रहेको छ। आ.व. २०७८/७९ मा रु.१२ करोड ७६ लाखको दुई सय ७९.८ मेट्रिक टन कफी आयात हुँदा रु.११ करोड ७० लाखको ६९.५ मेट्रिक टन कफी निर्यात गरेको छ। आर्थिक वर्ष २०७१/०७२ देखि गत आ.व. सम्म नेपालबाट ६ सय ६२.५९ मेट्रिक टन कफी विभिन्न देशमा निर्यात भएको छ। नेपाली कफी अमेरिका, बेलायत, अष्ट्रेलिया, फ्रान्स, क्यानडा, हङकङ, जर्मनी, डेनमार्क, नर्वे लगायत देशमा निर्यात हुने गरेको छ। निर्यात भएको नेपालको कफीले अधिकतम प्रतिकिलो १६ अमेरिकी डलरसम्म पाउँदै आएको बोर्डले जनाएको छ। नेपालको कफी नेपालमा भन्दा विदेशमा बिक्री गर्दा राम्रो मूल्य आउने गरेको यी तथ्यांकले देखाएको छ। नेपालमा अहिले तीन हजार तीन सय ४३ हेक्टर जमिनमा कफी खेती गरिएको छ।

### कफीको नेपाली इतिहास

नेपालमा कफी खेती शुरु भएको ८४ वर्ष भइसकेको छ। वि.सं. १९९५ मा हिरा गिरीले बर्माबाट ल्याएको कफीको बिरुवा गुल्मीको आँपचौरमा रोपेको अभिलेख छ। इतिहास लामो भए पनि कफी खेतीको विस्तार, उत्पादन वृद्धि भने हुन सकेको छैन। वि.सं. २०२० सालतिर नेपालले भारतबाट कफीको बिउ झिकाएर किसानलाई वितरण गरेको पाइन्छ। २०४०/४१ मा रूपन्देहीमा नेपाल कफी कम्पनीको स्थापना भएपछि यसले व्यवस्थित विस्तारको आकार लिएको हो। २०४८ सालमा कफी उत्पादक संघ स्थापना भएपछि कफी उत्पादनमा संलग्न किसानहरू संगठित हुन थाले। २०४९ सालमा राष्ट्रिय चिया तथा कफी विकास बोर्डको सरकारले स्थापना गरेपछि कफी खेतीको व्यापक विस्तार भएको हो। अहिले नेपालमा ४० भन्दा बढी जिल्लामा कफी उत्पादन हुँदै आएको छ। नुवाकोट, रसुवा, गुल्मी, पाल्पा, तनहुँ, काभ्रो, सिन्धुपाल्चोक, कास्की, गोरखा, स्याङजा, पर्वत, बागङ, ललितपुर लगायत जिल्लाका कफीको खेती हुँदै आएको छ।

### राज्यले हेपेको क्षेत्र

कफी क्षेत्र राज्यले हेपाईको शिकार भएको केन्द्रीय कफी सहकारी महासंघका महासचिव तुलसी धिताल बताउनुहुन्छ। युवा पलायन रोक्ने, रोजगारी सिर्जना गर्छु भन्ने सरकारले कफीलाई कहिल्यै प्राथमिकतामा नराखेको धितालको भनाई छ। ‘रोजगारी सिर्जना गर्ने कफीखेती उपयुक्त माध्यम हो, यसलाई सरकारले चिनेन’ धितालले भन्नुभयो। उहाँले पछिल्लो समय जग्गा खण्डीकृत हुँदै गएकोले पनि खेती गर्न चाहनेको लागि पनि जग्गाको समस्या देखिएको बताए।

नुवाकोटका कफी किसान सुकदेव ढुंगानाले किसानलाई राम्रो प्रविधि र विश्व बजारसम्मको पहुँचको सुनिश्चितता हुनु पर्ने बताउनुहुन्छ। डाँडापाखामा कफी खेती फैलिइरहेको छ। किसानमा आफ्नो उत्पादनको उचित बजार रहेको विस्वास बढेका खेती झनै फैलिने ढुंगानाको भनाई छ । भर्खरै आमचुनाव सकिएको छ। राजनीतक दलहरूको अनेकखाले घोषणापत्रले नेपालीको मगज प्रदुषित गरेको छ। देशको आय बढाउने, युवालाई स्वदेशमै रोजगारी सिर्जना गर्ने, विदेशी मुद्राको संचिती बढाउने गफ दिइरहेका छन्। यही मेसोमा कफीको उत्पादन वृद्धि र विश्व बजारको माग अनुसारको गुणस्तरीय उत्पादन गरि निर्यात बढाउने योजना बनाएर अघि बढेमा कागजी कुरा यथार्थमा बदलिन समय नलाग्न सक्छ।

*आवरण: कफीका बिरुवाको गोडमेल गर्दै कास्कीका एक किसान। तस्बिर: राजेश घिमिरे*
*श्रोत: आइएनएस-स्वतन्त्र समाचार*
*नवदीप श्रेष्ठ/नुवाकोट*

## विदेशी विनिमय दर

**Fixed Rate**

| Currency | Unit | Buying | Selling |
|---|---|---|---|
| Indian Rupee (INR) | 100 | 160 | 160 . 15 |

**Open Market Rates**

| Currency | Unit | Buying | Selling |
|---|---|---|---|
| USD (U.S. Dollar) | 1 | 129.82 | 130.42 |
| EUR (European Euro) | 1 | 136.83 | 137.46 |
| GBP (UK Pound Sterling) | 1 | 159.57 | 160.31 |
| CHF (Swiss Franc) | 1 | 138.56 | 139.20 |
| AUD (Australian Dollar) | 1 | 88.15 | 88.56 |
| CAD (Canadian Dollar) | 1 | 96.38 | 96.82 |
| SGD (Singapore Dollar) | 1 | 96.02 | 96.47 |
| JPY (Japanese Yen) | 10 | 9.67 | 9.71 |
| CNY (Chinese Yuan) | 1 | 18.49 | 18.58 |
| SAR (Saudi Arabian Riyal) | 1 | 34.54 | 34.70 |
| QAR (Qatari Riyal) | 1 | 35.44 | 35.60 |
| THB (Thai Baht) | 1 | 3.74 | 3.76 |
| AED (UAE Dirham) | 1 | 35.34 | 35.51 |
| MYR (Malaysian Ringgit) | 1 | 29.59 | 29.72 |
| KRW (South Korean Won) | 100 | 10.00 | 10.05 |
| SEK (Swedish Kroner) | 1 | 12.58 | 12.63 |
| DKK (Danish Kroner) | 1 | 18.40 | 18.49 |
| HKD (Hong Kong Dollar) | 1 | 16.67 | 16.74 |
| KWD (Kuwaity Dinar) | 1 | 423.56 | 425.51 |
| BHD (Bahrain Dinar) | 1 | 344.35 | 345.94 |

S S Product
माधो एग्रो
धान थ्रेसर



तोरी, मकै, भटमास, समेत दाइ गर्न सकिने

हामी कहाँ ब्रह्मपुरीको हैरो, लेब्लर, कल्टीभेटर तथा अन्य कृषि उपकरणहरु समेत पाइन्छ ।

कुनै पनि कम्पनीको पुरानो थ्रेसर ल्याउनुहोस् ।
नयाँ थ्रेसर मात्र रू. २,२५,000।- मा लिएर जानुहोस् ।

माधो एग्रो थ्रेसरको विशेषताहरू:

१. ८ गेजको चादरबाट टापा निर्माण गरिएकोले बढी टिकाउ हुने ।
२. १ घण्टामा ८० देखि १०० मनसम्म धान झार्न सकिने ।
३. पराल लामो तथा टाढा सम्म फाल्न सकिने ।
४. १ सिजनको पूर्ण वारेन्टी भएको ।
५. सुकेको र गिलो भएको धान सजिलै संग सफा झार्न सकिने ।
६. खेत तथा घरदैलोमा समेत २४ औं घण्टा कम्पनीको मेकानिकबाट रेखदेखको व्यवस्था ।
७. स्पेयर पार्टसहरु सजिलै सँग उपलब्ध हुने ।
८. डबल फ्लाइव्हिल जडान गरिएको ।
९. ड्रम साइज ६ तथा ६.५ फिटमा उपलब्ध ।
१०. I.S.O. बाट प्रमाणित भएको ।

* शर्तहरु लागु हुनेछ ।

सम्पर्क: त्रिशक्ति ट्रेडर्स, प्रतिमा चौक, वीरगंज, मो.नं. ९८५५०२१२८१
शाखा कार्यालय: भरतपुर, चितवन, ९८५५०३७०९९

## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरु ☎☎

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज फजुलको धन खर्च हुनसक्छ । घरायसी कामधन्दाका लागि खट्नु पर्ने छ । मनमा दुबिधा उत्पन्न हुनेछ । चोटपटकको भय छ सचेत रहनुहोला ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
नयाँ काम सुरु गर्ने समय छ । जोशजाँगर र उमंग बढ्ला । आर्थिक कारोबारमा सफलता पाइएला । साथीभाइबाट बढी फाइदा लिने समय छ ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
उन्नति एवं प्रगतिको वातावरण बन्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । मेहनतीहरूका लागि दिन फलदायी रहनेछ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज कुनै कुराले मन प्रसन्न रहनेछ । रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ । समाजसेवामा मन लाग्नेछ । विशिष्ट व्यक्तिको साथ पाइनेछ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
दबाब र तनाव बढेको महसुस हुनेछ । ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ, तर आफन्तको साथ पाइनेछ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । व्यापारमा मनग्ये धनलाभ हुनेछ । शुभकार्यको चर्चा चल्नेछ । भूमिबाट पनि लाभ रहला ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
नयाँ व्यक्ति सँग भेटघाट हुनेछ । रोकिएको धन हात पर्ला । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
रोकिएका काम पुनः सुरु हुन सक्छन् । श्रमको उचित मूल्याङ्कन हुनेछ । व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । अनावश्यक यात्रा रहला, तर मित्रबाट साथ र लाभ मिल्नेछ साथै सन्तान सुख पनि मिल्नेछ ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
शुभकार्यको चर्चा चल्नेछ । छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । आस मारेको काम बन्न सक्छ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आज रचनात्मक काममा जुट्ने समय छ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । प्रेम सम्बन्ध पनि कसिलो होला ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज पारिवारिक साथ, जमघट र समर्थन पाइएला । विद्या र बुद्धिको विकास हुनेछ । आफ्नो परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।



प्रधानमन्त्री निवास बालुवाटारमा सोमबार बसेको सत्ता गठबन्धन दलको बैठक । *तस्बिरः रोशन सापकोटा/रासस*

# नगरपालिकाको सहयोगमा मोतियाबिन्दुको निःशुल्क शल्यक्रिया

मुकेश कुमार यादब
सिरहा, मंसिर १९ ।
सिराहाको लहान नगरपालिका क्षेत्र भित्रका २४ वटै वडामा रहेका मोतियाबिन्दु भएका बिरामीहरुले निःशुल्क शल्यक्रिया उपचार पाउँने भएका छन् । नगरपालिकाले मोतियाबिन्दुका बिरामीलाई लाग्ने सम्पूर्ण खर्च वेहोर्ने भएपछि विरामीहरुले निःशुल्क शल्यक्रिया उपचार पाउने भएको हो।



लहान नगरपालिका मेयर महेशप्रसाद चौधरी र लहानस्थित सगरमाथा चौधरी आँखा अस्पतालका तर्फबाट व्यवस्थापन समिति अध्यक्ष रवीन्द्रलाल चौधरीले निःशुल्क शल्यक्रियासम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्।

सम्झौतापछि शुक्रबार (१५ मंसिर) देखि चालू आर्थिक वर्ष ०७९-८० को असार मसान्तसम्म अस्पताल व्यवस्थापन समितिको रोहवरमा नगर क्षेत्रका सम्पुर्ण वडाका एक हजार मोतियाबिन्दुका बिरामीको निःशुल्क शल्यक्रिया गरिने सम्झौता भएको आँखा अस्पताल लाहानका अस्पताल प्रवन्धक अभिसेक रोषन सिंहले बताए । उनले भने,'अन्धोपनको मुख्य कारण मोतियाबिन्दु हो । अस्पतालमा आँखा उपचारका लागि आउने आँखाका बिरामीमध्ये करिब ७० प्रतिशत मोतियाबिन्दुका बिरामी हुने र बाँकी अन्य कारणले समस्या भएका बिरामीहरु आउँने गरेका छन् ।'

मोतियाबिन्दुका विरामीहरुको लागी शल्यक्रियाको क्रममा चाहिने लेन्स, कन्जुमेबल्स तथा अन्य खर्चबापत प्रति विरामी दुई हजार पाँच सय रुपैयाँ नगरपालिकाले उपलब्ध गराउने र बिरामी डिस्चार्ज भई घर फर्किंदा लाग्ने यातायात खर्च अस्पतालले व्यहोर्ने गरी सम्झौता भएको अस्पताल प्रवन्धक सिंहले बताए । नगरपालिकाको २४ वटै वडामा आँखा जाँच शिविर सञ्चालन गरिने लाहान नगरपालिका प्रमुख महेश चौधरीले बताउँछन् । 'शिविरमा पहिचान गरिएका मोतियाबिन्दुका बिरामीलाई आँखा अस्पताल ल्याएर निःशुल्क शल्यक्रिया गरि नेछ,' उनले बताए । नले थपे,'सम्झौताले नगर क्षेत्रका विशेषतः गरिब, दलित, विपन्न, ज्येष्ठ नागरिक र असहायहरूलाई बढी फाइदा पुग्ने छ ।

मोतियाबिन्दुबाट हुने अन्धोपन रोक्न सचेतनामूलक पर्चा पम्प्लेटसहित प्रचारप्रसार गर्ने, आँखा स्वास्थ्य शिक्षाबारे स्थानीय पत्रपत्रिका, एमफएम रेडियो र टेलिभिजन तथा अनलाइन पोर्टलहरूमा सन्देशमूलक विज्ञापन प्रकाशन प्रसारण समेत गरिने चौधरीले बताए । मोतियाबिन्दको समयमै उपचार गराउँदा पहिले झैँ देख्न सकिने, तर अरु कारणले उपचार गराउन नगए अन्धोपन हुने जोखिमको सम्भावना बढी हुने भएकाले नगरपालिकाले थालेको काम सह्रानीय रहेको सगरमाथा चौधरी आँखा अस्पतालका व्यवस्थापन समिति अध्यक्ष रवीन्द्रलाल चौधरीले बताउँछन् ।

# संक्षेप समाचार

## करेन्ट लागेर मृत्यु

रौतहटमा सिँचाइगर्ने क्रममा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा गुजरा नगरपालिका-४ जंगल सहियाका मेघनाथ चौधरीको मृत्यु भएको ईलाकाप्रहरी कार्यलय बिजयपुरका प्रहरी निरिक्षक रामाशंकर प्रसाद यादवले जानकारी दिए । बारीमा रहेको पानीतान्ने मोटरमा जडान गरेको तारबाट उनलाई करेन्ट लागेको हो । करेन्टलागेर घाइते भएका उनलाई उपचारका लागि चन्द्रपुरतर्फ ल्याउँदै गर्दा बाटोमा नै ज्यान गएको प्रहरी निरिक्षक यादवले जनाए ।

## कृषि सम्बन्धि तालिम सुरु

पर्साको धोवीनी गाउँपालिको सहयोग तथा समाजिक बिकास शाखाको आयोजनमा किसानहरुको लागी कृषी सम्बन्धि तालिम घोडदौल पिपरामा शुरु भएको छ । धोवनी गाउँपालिका वडा नम्बर १ का वडाध्यक्ष बन्धु प्रसाद साह तेलीको प्रमुख आतिथ्यमा सुरु भएको प्रशिक्षण कार्यक्रममा वडाभरिका किसानहरुको सहभागीता रहेको थियो । कार्यक्रमको सहजिकरण जितेन्द्र पटेलले गरेका थिए । कार्यक्रमा प्रमुख प्रशाशकिय अधिकृत नवाज हुसेन,रजित पटेल,साहेव पटेल लगाएको उपस्तिथी रहेको थियो ।

## ह्विल चेयर प्रदान

पर्साको जगरनाथपुर गाँउपालिका वडा नम्बर ४ झखरा गाँउकी अपाङगता भएकी एक दलित बालिकालाई सामाजिक अभियन्ताको पहलमा ह्वील चेयर सहयोग गरिएको छ । वीरगञ्जका सामाजिक अभियन्ता बृजेश्वर प्रसाद चौधरीको पहलमा वीरगञ्जको दृष्टि आँखा अस्पताल एण्ड रेटिना सेन्टरले ती बालिकालाई ह्वील चेयर प्रदान गरेको हो । आज झखरास्थित ती बालिकाको घरमै पुगेर सामाजिक अभियन्ता चौधरीले बालिकालाई ह्वील चेयर हस्तान्तरण गरेका हुन् । चौधरीले आफनो तर्फबाट ती बालिकालाई एक थान ज्याकेट र एक थान पाइन्ट तथा विपिन गुप्ताले एक थान ज्याकेट, एक थान पाइन्ट र विनिता गुप्ताले पनि एक थान स्कूल ब्याग र शैक्षिक सामाग्री सहयोग गरेका छन् ।

## स्वंयसेविका दिवश सम्पन्न

१९ औं महिला सामुदायिक स्वंयसेविका दिवस, पर्साको सखुवाप्रसौनी गाँउपालिकामा पनि विभिन्न कार्यक्रम गरि मनाइएको छ । दिवसको अवसरमा सखुवाप्रसौनी गाँउपालिकाको स्वास्थ्य शाखाको आयोजनामा सोमबार सन्देशमुलक ऱ्याली निकालिनुका साथै हाजिरी जवाफ प्रतियोगिता पनि सम्पन्न भएको छ । सखुवाप्रसैनी गाउँपालिका वडा नम्बर २ स्थित स्वास्थ्य चौकीबाट निकालिएको ऱ्याली गाँउको परिक्रमा पछि दिपनरायण आदर्श नमुना माध्यमिक विधालयमा पुगेर समापन भएको थियो । ऱ्याली पछि आयोजित हाजीरी जवाफ प्रतियोगितामा वडा नम्बर १ देखि ६ सम्मका महिला स्वंयसेविकाहरुले भाग लिएका थिए । हाजिरी जवाफ प्रतियोगितामा प्रथम हुने समुहलाई नगद ५ हजार रुपैया, द्वितीय हुने समुहलाई नगद ४ हजार रुपैया र तृतीय हुने समुहलाई नगद ३ हजार रुपैया पुरस्कार प्रदान गरिएको थियो । कार्यक्रममा महिला स्वंय सेविकाहरुलाई प्रोत्साति गर्न गाँउपालिका अध्यक्ष यशवन्त यादवलले ब्याग, छाता र टर्च लाइट प्रदान गरेको स्वास्थ्य शाखा प्रमुख राजेश रौनियारले जानकारी दिनुभयो ।

# गठबन्धनको आवश्यकतालाई पुनः पुष्टि

पाँच दलीय सत्ता गठबन्धनले हालै सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनको नतिजाले गठबन्धनको आवश्यकता र सान्दर्भिकतालाई पुनः पुष्टि गरेको निष्कर्ष निकालेको छ । प्रधानमन्त्री निवास बालुवाटारमा आज बसेको गठबन्धनका शीर्ष नेताको बैठकले मुलुकका सामु विद्यमान चुनौतीहरूको सामना गर्नुपर्ने अवश्यकताले पनि यो गठबन्धनलाई निरन्तरता दिनु जरुरी रहेको समेत निष्कर्ष निकालेको छ । बैठकपछि जारी विज्ञप्तिमा निर्वाचनको नतिजाले राजनीतिक स्थायित्व र आर्थिक समृद्धिको बाटोमा आपसी सहमति र सहकार्यका साथ मिलेर अघि बढ्नुपर्ने स्पष्ट सन्देश दिएको उल्लेख छ । निर्वाचनको दौरानमा गठबन्धनले केन्द्रबाट स्पष्ट निर्णय र निर्देशन गर्दागर्दै पनि कतिपय निर्वाचन क्षेत्रमा केही असहयोग र असमझदारीका घटना देखिए । निर्वाचनका दौरानमा देखिएका ती असमझदारीहरूको पनि आगामी दिनमा उचित समीक्षा र सम्बोधन गरिनेछ, शीर्ष नेताहरूद्वारा हस्ताक्षरित विज्ञप्तिमा जनाइएको छ । गठबन्धनप्रति आम मतदाताले दर्शाएको विश्वास र मायाप्रति आभार व्यक्त गर्दै बैठकले आम मतदाताको भरोसा र भावनालाई कदर गर्दै जनता र मुलुकको हितलाई केन्द्रमा राखेर आगामी दिनमा थप एकताबद्ध भएर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेको छ । निर्वाचनमा अभिव्यक्त जनादेशले दिएको सन्देश समेतलाई हृदयङ्गम गर्दै गम्भीर समीक्षाका साथ अघि बढ्ने प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल र राष्ट्रिय जनमोर्चाका दुर्गा पौडेलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । मुलुकको विशिष्ट परिस्थितिमा संविधान र लोकतन्त्रको रक्षाका लागि स्थापित गठबन्धनको सरकारले स्थानीय, प्रदेश र प्रतिनिधिसभा तीनै तहको निर्वाचन सफलतापूर्वक सम्पन्न गरेको छ । तीनै तहको निर्वाचन सफलतापूर्वक सम्पन्न भएसँगै लोकतन्त्र थप सुदृढ हुँदै संविधान अझ सुरक्षित भई मुलुक राजनीतिक स्थायित्व र समृद्धिको दिशातर्फ उन्मुख भएको बैठकले जनाएको छ । निर्वाचनमा सहभागी सम्पूर्ण मतदातालाई आभारसहित धन्यवाद ज्ञापन गर्दै बैठकले प्रतिनिधिसभा र प्रदेशसभा सदस्यमा निर्वाचित सम्पूर्ण सदस्यहरूलाई बधाईका साथै सफल कार्यकालको शुभकामना व्यक्त गरेको छ । साथै शान्तिपूर्ण रूपले निर्वाचन सम्पन्न गरेकामा नेपाल सरकारलाई धन्यवाद ज्ञापन गर्दै बैठकले निर्वाचन आयोग, निर्वाचनमा खटिएका सम्पूर्ण कर्मचारी, सुरक्षा निकाय, निर्वाचनमा सहभागी राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मी, राष्ट्रिय र अन्तर ाष्ट्रिय निर्वाचन पर्यवेक्षकलगायत सबैप्रति धन्यवाद व्यक्त गरेको छ ।

# चिसो बढेसागै बिरामी बढ्न थाले

मधेशदृष्टि - वीरगन्ज, १९ मंसिर ।
पर्साको ग्रामीण क्षेत्रमा चिसो बढेसंगै स्वास्थ्य संस्थाहरुमा बिरामीको संख्या बढेको छ । चिसो बढेसंगै भाईरल ज्वरो, रुघाखोकी, कोल्डडायरीया, निमुनिया लगायतका स्वास्थ्य समस्या भएका विरामीहरुको संख्या बढेको स्वासथ्यकर्मीहरुले बताएका छन् । सखुवा प्रसौनी गाउँपालिकाको स्वस्थ्य शाखा प्रमुख राजेस रौनियारका अनुसार, पालिका भित्रका स्वास्थ चौकीहरुमा दिनहु १५० देखि २०० सम्मको संख्यामा बिरामीहरु उपचारका लागि आउने गरेका छन् । ती मध्ये ज्वरो, रुघाखोकी, निमुनिया, झडापखालार चर्म रोगको विरामीहरु सबै भन्दा बढी रहेको उहाले बताउनुभयो । यस्तै चर्मरोग, उच्च रक्तचाप र महुमेहका बिरामीहरु पनि आउने गरेको उनले जानकारी दिए । बिरामीको संख्या बढेसंगै स्वास्थ्य संस्थामा औषधीको अभाव भएको पनि उनले बताए ।

सखुवा प्रसौनी गाउँपालिका ४ की कलावती देवी माझीले मधुमेह, उच्च रक्तचाप र थाईराइडको औषधी स्वास्थ चौकीमा उपलब्ध नहुदा गरिब विपन्नहरु समस्यामा परेको गुनासो गर्नुभयो । स्वास्थ्य शाखा प्रमुख रौनियारले भने उच्च रक्तचाप, मधुमेह र थाइराइड जस्ता दीर्घकालीन रोगको औषधी स्वास्थ्य संस्थाबाट निशुल्क उपलब्ध हुने प्रावधान रहेको तर त्यस्ता समस्या भएका बिरामीहरु पनि आइरहेका कारण समस्या भएको जानकारी दिए ।

# शिक्षामा राजनीति नहोस् : सांसद जुली

मधेशदृष्टि
जनकपुरधाम, मंसिर १९ ।
नब निर्वाचित प्रतिनिधिसभा सदस्य नेकपा एमालेकी नेतृ जुलीकुमारी महतोले शिक्षाको नाममा राजनीति नगर्न आग्रह गरेकी छन् ।



सोमवार रामस्वरुप रामसागर बहुमुखी (राराब) क्याम्पसको निरिक्षण गर्न पुगेकी नेतृ महतोले शिक्षामा राजनीति प्रवेश गर्न नहुने बताएकी हुन् । उनले राराब क्याम्पसको विकासका लागि आवश्यक योजना बनाएर ल्याउन क्याम्पस प्रशासनलाई आग्रहसमेत गरिन् । महतोले राराब क्याम्पस राष्ट्रको धरोहरको रुपमा रहेकाले यसको विकासका लागि आफू पछाडि नपर्ने बताइन् ।

जुलीले यस क्याम्पसको विकासका लागि चाहिने आवश्यक सम्पूर्ण पक्षको बारेमा सम्बन्धीत निकायसम्म कुरा नै नपुगेकोले पछाडि परेको जिकिरसमेत गरिन् ।जुलीले यसअघि आफू समानुपातिक सांसद रहेको बेलामा पनि कसैले राराबका लागि कुनै योजना लिएर आफूसमक्ष नआएको गुनासो गरिन् ।

उनले यस क्याम्पसको जिम्मेवारी अब आफूमाथि पर्न गएकोले क्याम्पसको चौतर्फि विकासका लागि आवश्यक रहेको कुरालाई योजनाबद्ध रुपमा प्लानिङ्ग गरेर फाइल ल्याउन क्याम्पस प्रशासनसँग आग्रह गरेकी छन् । सात दशक पुरानो यो क्याम्पस विस्तारै विस्तारै धारासायी हुने अवस्थामा पुगेको छ । कुनै समयमा १० हजारभन्दा बढी विद्यार्थीले भरिभराउ रहने राराब क्याम्पस अब भने विद्यार्थी अभावमा सुनसान देखिन थालेको छ । कुनैसमयमा नेपालकै उतकृष्ट कलेज मध्ये एक अहिले 'ग' वर्गमा झरेको छ । यस क्याम्पसमा अध्ययन गरेका विद्यार्थीहरु देशको उच्च ओहोदासम्म पुगिसकेका छन ।

देशका चर्चित डाक्टर, इन्जिनियर, मन्त्री, सांसद सहितका राजनीतिज्ञ समेत यस क्याम्पसबाट उत्पादन भएका छन् । तर, सरकारी नितीका कारण आज यो क्याम्पस सबैका लागि बिरान बनेको छ ।

क्षीरेश्वरनाथ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा
महेन्द्रनगर, धनुषा

**सूचना ! सूचना ! सूचना !**

यस क्षीरेश्वरनाथ नगरपालिका वडा नं. ६ (साबिक सखुवा महेन्द्रनगर गा.वि.स. वडा नं. २) मा तत्कालिन श्री जिल्ला शिक्षा कार्यालय धनुषाको पत्र संख्या २०७२।०७३, चलानी नं. क२४७५, मिति २०७३।०३।३० को पत्रानुसार संचालन अनुमति प्राप्त श्री **दिक्षा इ. बो. स्कूल, सखुवा महेन्द्रनगर**को नाम परिवर्तन भई **सत्यम इन्टरनेशनल एकेडेमी धनुषा प्रा.लि.** भएको तथा उक्त विद्यालयको स्वामित्व **श्री महेन्द्र बहादुर खाती (सखुवा महेन्द्रनगर-२, धनुषा) को नामबाट श्री शैलेन्द्र प्रसाद साह (जनकपुर उ.म.न.पा. वडा नं १६) र श्री सरोज कुमार महतो (मुखियापटि मुसहरनिया वडा नं. ३) को नाममा हस्तान्तरण भएकोमा उक्त स्वामित्व हाल श्री शैलेन्द्र प्रसाद साह (जनकपुर उ.म.न.पा. वडा नं १६) को नाममा हस्तान्तरण भएको** साथै शैक्षिक सत्र २०७६ बाट उक्त विद्यालय यस स्थानिय तहबाट स्थानान्तरण भई **जनकपुरधाम उ.म.न.पा. वडा नं. २ मा** संचालन हुँदै आएकोमा **मिति २०७९।०२।०९ देखी जनकपुरधाम उ.म.न.पा. वडा नं. ४ मा** संचालन हुँदै आएकोले उक्त विद्यालयबाट कोही/कसैले केही लिनु/दिनु पर्ने वा असुल उपर गर्नु पर्ने भएमा मिति २०७९।०९।२७ गते भित्र यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखा, महेन्द्रनगरमा नियमानुसार सम्पर्क गर्न हुन जानकारी गराइन्छ ।

शिक्षा, युवा तथा खेलकुद शाखा
महेन्द्रनगर, धनुषा

# स्तरीय पूर्ण खोप तथा दिगोपना सम्बन्धी गोष्ठी

मधेशदृष्टि- वीरगन्ज, मंसिर १९ ।
पर्साको पोखरिया नगरपालिका मा आज जिल्ला स्वास्थ्य कार्यालय पर्सा र मधेश प्रदेश को आयोजना मा पालिका स्तरीय पूर्ण खोप तथा दिगोपना सम्बन्धी समीक्षा गोष्ठी कार्यकम सम्पन्न भएको छ । पोखरिया नगर नपालिकाका नगर प्रमुख प्रद्युमन प्रसाद चौहान को सभापतित्वमा समीक्षा गोष्ठि कार्यक्रम सम्पन्न भएको हो पोखरिया नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अशोक रौनियार को प्रमुख आतिथ्यता र पोखरिया नगरपालिकाका स्वास्थ्य साखा प्रमुख कौशलेंद्र मिश्रा को आतिथ्यतामा सम्पन्न भएको कार्यक्रममा पोखरिया नगरपालिका का वडा अध्यक्ष हरु, कार्यपालिका सदस्य हरु, पोखरिया अस्पताल का डाक्टर संजय गुप्ता, प्रधाना ध्यापक ओमप्रकाश रौनियर, शिक्षा साखा प्रमुख विजय कुमार झा, नेपाल रेडक्रास सोसाइटी साखा कार्यालय पोखरिया का सभापति भगवान प्रसाद कुर्मी, स्वास्थ्य संस्था का स्वास्थ्य इंचार्ज लगायतका व्यक्तिहरुको सहभागीता रहेको थियो । गोष्ठि मा कुंदन चौधरी र सत्रुधन यादव ले प्रशिक्षण दिनुभएको शैलेस शाहले जानकारी दिए ।

## सम्पादकीय

# गाँजा तस्करी नियन्त्रणको सूत्र इमान्दार निगरानी

केही दिन यता प्रहरीले गाँजा समातेका समाचारहरु बाक्लै आइरहेका छन् । लागु औषधको ओसार पसार गरेको आरोपमा गाँजा सँग सम्बन्धित कारोबारीहरु माथी कानून कारवाहीहरु पनि भैरहेका छन् । तर पनि यो सजिलो नगदे बाली र प्रभावशाली अम्मल नियन्त्रणमा आउँन सकेको छैन । गाँजाका विभिन्न प्रकारका लागु औषध बन्ने गर्दछन् भने आर्युवेदका साथ आधुनिक चिकित्सा विज्ञानले पनि यसमा औषधीय गुणहरु पत्ता लगाएका छन्, प्रयोगमा ल्याएका छन् । विश्वका कतिपय देशहरुका गाँजाको व्यवसायिक खेति हुन्छ । नेपालमा पनि गाँजालाई नियन्त्रणमा राख्न नहुने, नीतिगत रुपमा खेती गर्न पाउँनु पर्ने विषयमा बहस सुरु भएको छ ।तर लागु औषधकै रुपमामात्र प्रयोग भैरहेकोले यसको विस्तारित कालो बजारी छ । गाजाँको उपयोगबारे बहस आफ्नो ठाउँमा छ । तर, नेपालले यसको प्रयोगलाई लागु औषधकै श्रेणिमा राखेकोले नियन्त्रण आवश्यक हुन्छ ।

कारोवार नियन्त्रण गर्ने कुरा आफ्नै ठाउँमा छदैंछ । त्यो भन्दा पहिला र प्राथमिक रुपमा गर्नुपर्ने काम भनेको उत्पतीमै नियन्त्रण र निरुत्साहित गर्ने नीति अपनाउनु आवश्यक हुन्छ । यस्तो नीति कामयावि हुनसक्छ। बेलाबेलामा प्रहरीले गाँजाका बोट उखेलेको, फाँडेको दृश्य सहितका समाचारहरु प्रकाशन, प्रसारण हुने गरेका पनि छन् । यी प्रचारात्मक अभियानका बाबजुद गाउँ समाजमा खुलेआम गाँजा खेती भइरहेका घटनाले प्रहरीको मिलोमतो टड्कारै देखिन्छ ।

यस्तै उदाहरण सिरहाका विभिन्न क्षेत्रमा भइरहेको खेतीले प्रहरीको अनदेखालाई सामुन्ने ल्याएको छ । जिल्लाको पुर्व पश्चिम लोकमार्ग अर्न्तगत पर्ने कर्जन्हा, मिर्चैया, गोलबजार, धनगढीमाई र लाहान नगरपालिकाको उतरी चुरे क्षेत्रमा वर्षौ देखि किसानहरुले व्यापक रुपमा अवैध गाँजा खेति गर्दै आएका छन् । किसानले खेती गर्ने र तयार भएपछि तस्करी गर्नेहरुले घरगाँउमै पुगेर गाँजा खरिद गरेर चोरी निकासी गर्ने चलनमा कुनै रोकतोक देखिदैंन । के देखिन्छ भने किसानले लगाइएको गाँजाको बोट प्रहरीले केही मात्रामा फडानी गरेपनि गाँजा तस्करी हुनेक्रम अझ रोकिएको छैन। जानकारहरु स्थानिय र प्रहरीसंगको आर्थिक लेनदेन नमिल्दा गाँजा खेती फडानी हुने गर्दछ ।

गाँजा खेती एक दिनमा तयार हुने होइन, बेर्ना ठूलो हुँदै झाँगिएर फूल फूल्न थालेपछिमात्र यसको लागु औषधीय गुण विकसित हुने हो । गाँजाका बोटहरु झ्याम्म परेका मझौला खाले बोट हुन्छन् । गाउँ समाजमा प्रहरीको नियमित घुमफिर भईरहेको देखिन्छ पनि । प्रहरीका कार्यलयहरु अनुसार घुमन्ते प्रहरीहरु पनि उत्तिकै सक्रिय रहेका हुन्छन् । तर, तस्करी भएको गाँजामात्र कहिले कहिले पक्राउ पर्नुले प्रहरी पानी मुनिको ओभानो छ भन्न सकिन्न ।

अनुभवीहरुका अनुसार भारतीय तस्करहरुले गाँजाखेती गर्नको लागी नेपालका किसानहरुलाइ आग्रीम 'एडभान्स'रुपमा रकम दिएर गाँजा खेती लगाउन लगाउँछन् । गाजा तयार भएपछि अनुकुलतामा तस्करहरुले किसानहरुको घरघरमा गइ २ किलो देखि ५० किलो सम्म खरिद गरि भरिया वा अन्य साधन प्रयोग गरी भारत बजारमा लगी बिक्रिवितरण गर्ने गर्छन्। सिरहाकै कुरा गर्दा केही दिन यता धमाधमा गाँजा तस्करीका घटनाहरु नियन्त्रणमा आएका छन् । कारोवारीहरु पक्राउ परेका छन् ।

प्रहरीकै तथ्याङ्कमा सिराहा जिल्ला भरीमा अहिलेसम्म अन्दाजी करिव ७ विघामा अवैध रुपमा लगाइएको गाँजाको बोट फडानी गरी नष्ट गरिएको छ । प्रहरी फडानी र नियन्त्रणको तथ्याङ्क लिएर बसेको छ। उता गाँजाको अवैध व्यापारको आफनै बजार छ । नेपालमा एक किलो गाँजाको ७ हजार देखि १५ हजार सम्म विक्री हुन्छ भन्ने सोहि गाँजा भारतीय बजारमा 'क्वालिटि' अनुसार १२ हजार देखि २५ हजारसम्म प्रति किलोका दरले भारतीय रुपैयामा बिक्रीवितरण हुने गर्दछ ।

गाँजा नियन्त्रण सहज काम होइन तर खेतीको प्रारम्भमै नियन्त्रण र निरुत्साहनका कार्यक्रम सचालन गर्न सकिन्छ । खेती हुने क्षेत्रमा प्रारम्भमा गाँजा खेती नगर्न आग्रह गर्ने, चेतना मुलक कार्यक्रम चलाउने । खेती गरेमा विरुवा फाड्ने लगायतका चेतावन दिने । अन्त्यमा कानूनी उपचार छदैंछ । प्रहरीको नियमित तर इमान्दार निगरानी हुनसक्यो भने त्यो नै पर्याप्त हुन्छ ।

# के हो सोशियल इन्जिनियरिङ्ग ?

***मनोबैज्ञानिक सिप वा प्राविधिक दक्षताको प्रयोग गरेर कुनै प्रकारको सूचना तथा महत्वपूर्ण जानकारीहरु अवैधानिक माध्ययमबाट प्राप्त गर्ने प्रविधिलाई नै सोशियल इन्जिनियरिङ्ग हमला भनिन्छ ।***



**– प्रदीप ढोडारी**

अपराधिहरुले मानिसलाइ चलाखीपूर्ण तरीकाबाट छल गरेर उनिहरुसंग भएका व्यक्तिगत तथा संगठनहरुका संम्वेदनसिल जानकारीहरु लिने गर्दछन् । सूचना प्रविधिमा सोशियल इन्जिनियरिंको प्रयोग साईवर अपराधिहरुले गर्ने गर्दछन् । त्यस्ता व्यक्ति उनिहरुको जालमा फस्ने गर्दछन जस्ले उनिहरु उपर सजिलै विश्वास गर्दछन । यसरी उनिहरुको जालमा फसाई सके पछि सबै महत्वपूर्ण जानकारी तथा सूचनाहरु साईवर अपराधिहरुले सजिलै प्राप्त गर्ने गर्दछन् ।

नयां प्रविधिको विकाससंगै बढेका साईवर आपराधिक क्रियाकलापहरु बारे हामी कुनै न कुनै रुपमा जानकार छौ । साईवर अपराधिहरुले प्रभावकारी र सफलतापूर्वक प्रयोग गरेको प्रविधि सोशियल इन्जिनियरिंङ्ग हो । मनोबैज्ञानिक सिप वा प्राविधिक दक्षताको प्रयोग गरेर कुनै प्रकारको सूचना तथा महत्वपूर्ण जानकारीहरु अवैधानिक माध्ययमबाट प्राप्त गर्ने प्रविधिलाई नै सोशियल इन्जिनियरिंङ्ग हमला भनिन्छ । यस प्रविधिमा साईवर अपराधिहरुले विभिन्न तरिकाहरु अपनाई व्यक्तिका महत्वपूर्ण तथा संबेदनशिल जानकारीहरु प्राप्त गर्ने गर्दछन । यस्ता हमलाहरु विषेशगरि एस.एम.एस, फोनकल, इमेल तथा टेक्स म्यासेजहरुको माध्ययमबाट गर्ने गर्दछन । यस्ता हमलाहरु धैरै जटिल र विस्वसनिय तरिकावाट गरिने हुनाले मानिसहरुले यस्को सजिलै पत्ता पाउन सक्दैनन् । सोशियल इन्जनियरिंङ्ग हमलामा थुप्रै प्रकारका प्रविधिहरुको प्रयोग गर्ने गरिन्छ ति मध्ये यहा केहि प्रविधिहरुको सामान्य चर्चा गर्ने कोशिस गरिएको छ ।

### फिशिङ्ग (Phising)

भ्रामक होमपेज तथा इमेलहरुमा विभिन्न किसिमका लिङ्कहरु पठाएर सोशियल इन्जिनियरिङ्गलाई प्रविधि बनाई प्रयोगकर्ताहरुबाट सम्वेदनशिल जानकारीहरु प्राप्त गर्ने प्रयासलाई फिशिङ्ग भनिन्छ । साईवर अपराधिहरुले प्रयोग गर्ने यस्ता होमपेज तथा इमेलहरु भ्रामक हुन वा साच्चै हुन भन्ने कुरा छुट्याउन कठिन पर्दछ । त्यस्ता होमपेज तथा इमेलहरुमा विभिन्न प्रकारका प्रलोभनकारी सूचनाहरुको झुठा लिङ्कहरु बनाएर पठाईएका हुन्छन् त्यसका उदाहरणमा जस्तै clicking on attachment, updating a password आदी । कहिले कांही इमेलहरु आधिकारीक स्रोतवाट नै आए जस्तो देखिएतापनि वास्तवमा त्यो भ्रामक हुने गर्दछन । यस्ता लिङ्कहरु खोल्दा बास्तविक होमपेज नखोलिइ साईवर अपराधीहरुले तयार पारेका पेजहरु खुल्ने गर्दछन् ।

यसरी उक्त प्राप्त हुन आएका लिङ्कहरु खोल्दा प्रयोगकर्ताहरुको सम्पूर्ण सम्वेदनशिल जानकारीहरु साईवर अपराधिहरुको हातमा पुग्दछ । प्रायजसो यस्ता इमेलहरुमा कसैलाई चिट्ठा परेको जानकारी अथवा कुनै आकर्षक संस्थाहरुमा आमन्त्रण जस्ता गतिविधिहरु राखि तयार पारिएका हुन्छन यस प्रविधिलाई नै फिशिङ्ग भनिन्छ ।

### भिशिङ्ग (Vishing)

प्रविधिको विकाससँगै यसको प्रयोगमा पनि थुप्रै चुनौतिहरु थपिदै गएको छ । कुनै पनि व्यक्तिगत तथा संगठनिक सूचनाहरु महत्वपूर्ण सम्पत्ति मानिन्छ । साईवर अपराधिहरुले अनेक जुक्ति लगाएर प्रयोगकर्ताहरुलाई ठग्ने गरेका छन । केहि समय देखि भने VOIP (Voice Over Internet Protocol) को माध्ययमबाट प्रयोगकर्ताहरुलाई फसाउने लगाएत आश्चर्यलाग्दा साईवर अपराधहरु भइ राखेका छन् ।

VOIP प्रविधिको माध्ययमबाट प्रयोगकर्ताहरुको गोप्य तथा संम्वेदनशिल जानकारीहरु प्राप्त गर्ने तरीकालाई भिशिङ्ग भनिन्छ । साइवर अपराधीहरुले फोन गरेर आफु IT Department, Bank and Financial Institutions, Media, Insurance Agent, Security Personnel का आधिकारीक व्यक्ति भएको दावि गरेर व्यक्तिको Password, Insurance Details, Bank Pin Number, Social Security Number, Address जस्ता महत्वपूर्ण विवरणहरु उपलब्ध गराउनको लागि अनुरोध गर्ने गर्दछन् । हामीहरुले यस्ता अपरिचित व्यक्तिहरुलाई विना हिचकिचाहट व्यक्तिगत तथा संस्थागत संबेदनशिल विवरण तथा जानकारीहरु दिने गर्दछौ र यसको परिणाम स्वरुप यसैलाइ माध्ययम बनाएर साईवर अपराधिहरुले आफ्नो जालमा फसाउने प्रयास गर्दछन यसलाई नै ख्ष्कजष्लन भनिन्छ ।

### स्मिशिङ्ग (Smishing)

साईवर अपराधिहरुले प्रयोगकर्ताहरुलाई विभिन्न प्रकारका मेसेजहरु पठाई आफुतिर

आकर्षण गर्ने प्रयास निरन्तर गरि राखेका हुन्छन जस्तै तपाइले iPhone जित्नु भएको छ, तपाइलाई डिभि परेको छ, तपाइको बैक खाता बन्द गरिएको छ, तपाइको पासवर्डको म्याद समाप्त भएको छ, आदि जस्ता Text Message हरु बारे तपाइ हामी परिचित नै छौं । हिजो आज SMS बाट message पठाएर प्रलोभनमा पार्ने प्रविधि पनि बढ्दो छ ।

SMS Text Message आदीको माध्ययमबाट व्यक्तिगत तथा संस्थागत जानकारीहरु प्राप्त गर्ने प्रविधिलाई SMS Phishing अथवा Smishing भनिन्छ । साईवर अपराधिहरुले Smishing प्रविधिको प्रयोग गरेर क्क मार्फत आम प्रयोगकर्ताहरुको संवेदनशिल जानकारीहरु प्राप्त गर्ने गर्दछन । तपाईको बैकखाता नम्बर वा क्रेडिट कार्डमा केहि समस्याहरु देखिएका छन् त्यो समस्या समाधान गर्न बैक वा सम्वन्धित निकायले पठाएको लिङ्कमा सम्पर्क गर्नं होस भनि Message पठाउने गर्दछन् । यस्तो अवस्थाम प्रयोगकर्ताहरु आत्तिएर आधिकारीक हो वा होइन भनी पुष्टि नै नगरि संवेनदशिल जानकारीहरु पठाउने गर्दछन । यो प्रक्रिया समान्य जस्तो लागे पनि हामीहरुले सोचे भन्दा

फरक हो यस प्रविधिलाई स्मिशिङ्ग भनिन्छ ।

### बेटिङ्ग (Baiting)

साईवर अपराधिहरुले प्रयोगकर्ताहरुलाई यस्तो किसिमको प्रस्ताव राख्दछन् कि हामीले उसको लागि केहि कार्य गर्‍यो भने उसले रिवार्ड दिने बाचा गर्दछ । जस्तो कि यो लिङ्कमा ल्किक गरी फ्रि म्यूजिक सुन्नु होस, यो लिङ्कमा ल्किक गरी फ्रि भिडियो डाउनलोड गर्नंहोस अथवा यो लिङ्कमा ल्किक गर्नं भयो भने तपाईले यति रकमको पुरस्कार प्राप्त हुन्छ भनी एक किसिमको प्रलोभन देखाउने गर्दछन् । यदि हामीले उक्त प्राप्त लिङ्कमा ल्किक गर्दछौ भने हाम्रा सम्पूर्ण महत्वपूर्ण सूचनाहरु अपराधिहरुको हातमा पुग्दछ यस किसिमको प्रविधिलाई द्यबष्तष्लन भनिन्छ ।

### स्केवेयर (Scareware)

विभिन्न किसिमका डरत्रास देखाइ धम्क्याउने खालको कल गरेर एक किसिमको सौदावाजी गर्ने तरिकालाई स्केवेयर भनिन्छ । यसमा अपराधिहरुले प्रयोगकर्ताहरुलाई फोनकल गरेर मैले तपाईको महत्वपूर्ण गोप्य जानकारीहरु पाएको छु यदि तपाई मलाई यति पैसा दिनुहुन्छ भने ठिक छ अन्यथा यो सूचना म सार्वजनिक गरि दिन्छु भनेर कुनै पनि कुरामा गरि विभिन्न किसिमका फाईदा उठाउने प्रविधिलाई स्केवेयर भनिन्छ ।

### प्रिटेक्सिङ्ग (Pretexting)

स्केवेयर र प्रिटेक्सिङ्ग उस्तै किसिमको प्रयोग हो यि दुईमा खास भिन्नता भनेको स्केवेयरमा अपराधिहरुले कल गरेर सौदावाजी गर्दछन भने प्रिटेक्सिङ्गमा Text Message लेखेर प्रयोगकर्ताहरुलाई विभिन्न डरत्रात देखाउने धम्क्याउने र त्यसैको आधारमा सौदावाजी गर्ने गरिन्छ यस प्रविधिलाई नै प्रिटेक्सिङ्ग भनिन्छ ।

### क्वीड प्रो क्वो (Quid Pro Quo)

क्वीड प्रो क्वा र बेटिङ्ग भनेको लगभग उस्तै मानिन्छ । कसैले फोन गरेर तपाईको

कम्प्यूटर, ल्यापटप इनफेक्टेड भएको छ यदि तपाईले त्यसको यूजर नेम र पासवर्ड दिनु भयो भने म त्यसलाई बनाई सहयोग गरिदिन्छु । यति भने पछि हामीमा एक किसिमको डर उत्पन्न हुन्छ ओहो मेरो कम्प्यूटर र ल्यापटपमा धेरै महत्वपूर्ण सम्वेदनशिल डाटाहरु

छन यदि कम्प्यूटर विग्रियो भने त बर्बाद हुन्छ । यदि कसैले बनाइ दिन्छ भने यूजर नेम र पासवर्ड किन नदिने भनेर एक किसिमको मानसिकताको विकास हुन्छ । हामीले उसलाई हाम्रो कम्प्यूटरको यूजर नेम र पासवर्ड दिए पछि उसले कम्प्यूटरमा प्रवेश गरि जे पनि गर्न सक्छ यसलाई नै क्वीड प्रो क्वा भनिन्छ ।

### सोशियल इन्जिनियरिंङ्ग हमलाबाट बच्ने तरिकाहरु

- कहि कतैबाट इमेल तथा फोनकल आउँदछ भने त्यस्तो अवस्थामा आफ्नो संवेदनशिल सूचनाहरु शेयर गर्नं भन्दा पहिले त्यो इमेल, फोनकल कहाँबाट आएको हो भनी त्यसको आधिकारीकता पुष्टी गर्नु पर्दछ ।
- अपरिचित व्यक्तिबाट प्राप्त हुन आएको होमपेजको लिङ्क तथा इमेलको संलगन कहिले पनि खोल्नु हुदैन किन भने त्यो दुर्भावनापूर्ण हुन सक्दछ ।
- अनलाइन वा अफलाइन कुनै पनि अफर/पुरस्कार भरोसा गरिहाल्नु हुदैन । साईवर अपराधिहरुले यस्ता प्रलोभन तथा लालचमा पारी संवेदनशिल सूचनाहरु सजिलै संग लैजान सक्दछन् ।
- आफ्नो कम्प्यूटरमा Anti-virus Software जडान गर्नं पर्दछ यसले गर्दा Anti-spam तथा Anti-spyware बाट कम्प्यूटरको सुरक्षा हुन्छ ।
- नेटवर्कमा ँच्भधर्बी तथा ब्लतष्कउक ँषतिभच ब्उउष्अब

- बाँकी पृष्ठ ६ मा

# नेपालमा बुबाको पथ पछ्याउँदै टोनी हेगनकी छोरी

**फिचर**

मङ्सिर ४ को चुनावको पाँच दिनअघि काठमाडौंको एक होटलमा भेट्दा डा क्याट्रिन रोल्पा जाने तयारीमा हुनुहुन्थ्यो । यसपालि पनि उहाँको उही काम थियो निःशुल्क स्वास्थ्य शिविर । हाडजोर्नीसम्बन्धी विशेषज्ञ ७४ वर्षीया उहाँ बर्सेनि नेपाल आउनुहुन्छ, यहाँका कुनाकन्दरामा पुग्नुहुन्छ, स्वास्थ्य शिविर राख्नुहुन्छ र विशेषगरी उहाँको विशेषज्ञताको हाडजोर्नीसम्बन्धी निःशुल्क उपचार दिनुहुन्छ ।

नेपाल कति पटक आउनुभयो ? हाम्रो प्रश्नमा उहाँको जवाफ थियो, "गन्ती गरेको छैन, खोइ थाहा छैन । त्यस्तै ४० पटकभन्दा बढी त भयो होला । यस वर्ष उहाँ नेपाल आएको यो तेस्रो पटक हो । पछिल्लो समय बुबाको नेपाल चिनाउने काम, नेपालका दुर्गम क्षेत्रका नागरिकलाई निःशुल्क उपचार अनि समय भएमा पदयात्राका लागि नेपाल आइरहेकी छु ।"

चार वर्षकी हुँदा सन् १९५२ मा उहाँ नेपाल आउनुभएको रहेछ, बुबासँग "तर धेरै सम्झना छैन, चार वर्षकि थिएँ । यति सम्झिन्छु कि त्यतिबेला नेपालमा विमानस्थल थिएन । कताकति मात्र शौचालय थिए, । बडो कठिन थियो यहाँको यातायात र नेपालीको जीवनशैली पनि ।"

उहाँका बुबाअर्थात् टोनी हेगन । नेपाललाई संसारमा चिनाएको यो नामङ्गलाई सायद नेपालमा चिनाइरहनु पर्दैन होला । टोनी हेगेन सम्भवतः नेपालकै पहिलो पर्यटकका रुपमा सन् १९५० मा यहाँ आउनुभएको थियो । नेपालमा विमानस्थल नभएकाले उहाँ कलकत्तासम्म जहाजमा आएर यहाँ आउनुभएको रहेछ । त्यसपछि आफूलाई नेपालको सौन्दर्यले तानेको कुरा उहाँले नेपाललाई भन्दा बाहिरको संसारलाई बढी सुनाउनुभएको छ । प्रायः यहाँकै हिमाल, पहाड र खोल्सातिर भेटिनुहुने टोनीले औषत नेपालीले भन्दा धेरै नेपाल घुम्नुभएको छ । उहाँलाई नेपालको पहिलो र सर्वाधिक पदयात्रा गरेको विदेशीभन्दा गल्ती हुँदैन । -

सन् १९५० मा स्वीस् सहयोग परियोजनाका क्रममा नेपाल आएका उहाँ नेपालको भूगोल र सौन्दर्यसँग नेपालीभन्दा नजिक रहनुभयो । नेपालको करिब १४ हजार किलोमिटर पैदलैयात्रा गर्नुभएका उहाँले नेपाल सम्भवत सबै पर्यटकभन्दा बढी पैदलै हिँड्नुभएको छ । नेपालको भौगोलिक अवस्था एवं हिमालयन क्षेत्रको जैविक विविधताका साथै नेपाली जीवनशैली, परम्परा एवं यहाँको जातीय विविधतालाई उहाँले नेपाल बाहिरसम्म पुऱ्याइदिनुभएको छ ।

नेपाली पर्यटन क्षेत्रले सम्मान गर्ने उहाँले तयार गरेको 'नेपाल' नामक पुस्तकले नेपालको भौगोलिक, पर्यटकीय र अनेक जीवनशैलीका बहुआयामिक



पक्षलाई समेट्छ । उहाँले हाम्रो हिमाल र हिमाली पर्यटकीय विशेषताका साथै अनेक सांस्कृतिक पक्षलाई समेटेर तयार गरेका वृत्तचित्रले नेपाल बाहिर नेपाल चिनाउन निकै सघाएको छ । उहाँका यिनै योगदानका कारण नेपालले उहाँलाई नेपालको मानार्थ नागरिकता प्रदान गरेको थियो ।

आधा जति बुबाको नेपाल प्रेमलाई उजागर गर्न र आधा आफैंले स्वास्थ्योपचार उपलब्ध गराउन आफू नेपाल आउने गरेको क्याट्रिन हेगन बताउनुहुन्छ । हाडजोर्नीकी सर्जन उहाँले स्वीट्जरल्याण्डमा खोलेको टोनी हेगेन फाउन्डेसनले नेपालमा मात्र काम गर्छ । "बुबाले माया गरेको र बुबालाई सम्मान गरेको देश नेपाल । मलाई वर्षमा एक पटक मात्र यहाँ आएर पुग्दैन, आइरहन मन लाग्छ", क्याटरिनले भन्नुभयो ।

उहाँ नेपालका कैयौं जिल्लामा स्वास्थ्य शिविर राख्ने, असहाय तथा स्वास्थ्योपचारको पहुँचसम्म पुग्न नसक्ने दुर्गम क्षेत्रका नागरिकलाई निःशुल्क स्वस्थ्य सेवा उपलब्ध गराउने गर्नुहुन्छ ।

नेपालका लागि बुबाले गरेका कामलाई पूर्णता दिने आफ्नो काम ठान्नुहुन्छ डा क्याट्रिन । "नेपालका बारेमा बुबाका धेरै अनुसन्धान छन् तिनलाई अझै धेरै विस्तार गर्ने मेरो सोच छ । फाउन्डेसनबाट तिनलाई पूर्णता दिन्छु । टोनीले नेपालमा खिचेका तस्बीरको प्रदर्शनी फाउन्डेसनले गत वर्ष नेपालमा गरेको थियो । नेपालमा उहाँका कामकारबाहीलाई उजागर गर्न यतिले मात्र पुग्दैन भन्ने लाग्छ । उहाँका सङ्ग्रह अध्ययन गर्दा नेपालको पर्यटकीय विकासका लागि भावी दिनमा धेरै सहयोग पुग्ने मलाई लाग्छ", उहाँ भन्नुहुन्छ ।

नेपाल चिनाउन अहिले कतैकतै प्रयोगमा आउने पुराना तस्बीर एवं दृश्यहरु प्रायः टोनीकै नेपाल पुस्तक एवं डकुमेन्ट्रीबाट लिइएको पाइन्छ । क्याट्रिन भन्नुहुन्छ, "महत्वपूर्ण तस्बरीहरु छन् नेपालको हिमाली तथा अन्य क्षेत्रका । ग्ल्यासिएरहरु पग्लिँदै गरेका कैयौं महत्वपूर्ण तस्बीरहरु उहाँको एल्बममा छन्, तिनको अध्ययन मात्र पनि नेपालमा जलवायु परिवर्तनको विषयका अनुसन्धानदातालाई सहयोग पुग्छ भन्ने मलाई लाग्दछ । उबेलाका कतिपय हिमाली टाकुरा, हिमनदी तथा हिमताल अहिले पग्लिएर अर्कै स्वरुपमा परिवर्तन आएको पनि हुनसक्छ । यसबाट हिमालयन जैविक विविधताको अध्ययनमा सहयोग पुग्न सक्छ । यस्तै पक्षहरुलाई उजागर गर्ने काम हामीले गरिरहेका छौँ । उहाँले लिएका नेपालका विविध क्षेत्र र शैलीका तस्बीरहरुको प्रदर्शनी पनि नेपालमा गरेका थियौँ । यसबाट पनि नेपालका अनुसन्धानदातालाई उहिलेको नेपाल अध्ययनमा सहयोग पुग्नसक्छ ।"


बुबाजस्तै उहाँले पनि नेपालका अधिकांश पदमात्रामा यात्रा गर्नुभएको छ । नेपालको हिमाल, पहाड र तराईकै ज्ञान छ उहाँलाई । "पदयात्रा भनेको हिँडाइ मात्र नभएर त्यस क्षेत्रको समग्र अध्ययन हो । कुनै पनि पदमार्गबाट हामी हिँड्यौं भने हामीले त्यस क्षेत्रको खेतीबाली, मानिसको जीवनशैली तथा त्यहाँको बस्ती र उनीहरुका परम्पराको पनि अध्ययन गर्नसक्छौं । साथै मानिसको खानपान र उनीहरुका दैनिकीको बारेमा अनुसन्धान निकै चाखलाग्दो विषय हो । नेपालका विविध क्षेत्रको भ्रमणका क्रममा मलाई त यस्ता विषयको अनुसन्धान गर्न मनपर्छ", उहाँ भन्नुहुन्छ ।

टोनीलाई नेपाल बहुजाति, बहुधर्म र संस्कृति भएर पनि कसरी मिलेर बसेको भन्ने बारेमा आश्चर्य लाग्थ्यो रे । बुबासँग आफूले नेपालका बारेमा धेरै सुनेको र जानेको बताउँदै उहाँले नेपालको जातीय तथा भौगोलिक विविधताका बीचमा पनि नेपाली नागरिक एकापसमा सहयोगी भावनाका साथ मिलेर बसेको पक्षको सधैँ प्रशंसा गर्ने गर्नुहुन्थ्यो भन्नुहुन्छ । क्याट्रिन भन्नुहुन्छ, त्यसैले मलाई पनि नेपालको यो पक्षको अध्ययन खुब मन पर्छ । म पदयात्रामा जाँदा होस् या स्वास्थ्य शिविरका क्रममा नेपालाका विभिन्न जिल्लामा जाँदा यस विषयमा जान्न मनपर्छ ।

उहाँ चिकित्सक भएर होला उहाँलाई अर्गानिक कृषि उत्पादन मनपर्छ । स्वीट्जरल्याण्ड आफ्नो घरमा पनि आफू अर्गानिक तरकारी खेती गर्ने बताउनुहुन्छ । अर्गानिक आलु उत्पादन फार्म रहेको उहाँ बताउनुहुन्छ । समय मिल्यो कि आफूलाई खेतीको काम मनपर्ने बताउने उहाँले धेरै उत्पादनका लागि विश्वमै पछिल्लो समयमा प्रयोग गरिने विषादीका कारण विविध खालका रोगको प्रकोप बढेकाले मौलिक र अर्गानिक उत्पादनमा सबैले ध्यान दिनुपर्ने सुझाव दिनुहुन्छ । नेपालका विभिन्न क्षेत्रमा पदयात्रामा जाँदा पनि उहाँले त्यस क्षेत्रका अर्गानिक उत्पादन किन्ने गर्नुहुन्छ ।

"पदयात्रा शारीरिक तन्दुरुस्ती, नयाँ ठाउँको परिचय र मनोञ्जन हो तर त्यतिमात्र होइन पदयात्रा । पदयात्राभित्र लुकेको मेरो एउटा उद्देश्य त्यहाँका अर्गानिक कृषिउपज खाने र आफूले किनेर पनि ल्याउने हो । ती उत्पादन मैले किनीदिन्छु र किसानलाई अर्गानिक खानाको महत्वका बारेमा पनि भनिदिन्छु । त्यसपछि म अर्को पटक त्यही


- बाँकी पृष्ठ ६ मा



औरही गाउँपालिका देउरी गाउँको बाटोमा बेलगाडामा सवार हुँदै यात्रु । अहिले सवारीका थरीथरीका साधन आए पनि पहिले पहिले विशेष गरी तराई मधेसमा बेलगाडालाई नै सवारीसाधनको रुपमा प्रयोग गरिन्थ्यो । तस्बिर : चन्द्रदेव साह/ रासस

# नवलपरासी पश्चिममा धान उत्पादन ४५ प्रतिशतले वृद्धि

मध्यविन्दु, १९ मङ्सिर
नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)मा यसवर्ष धान उत्पादनमा ४५ प्रतिशतले वृद्धि भएको छ । गतवर्षको तुलनामा यसवर्ष करिब २८ हजार नौ सय ७३ मेट्रिक टन धान बढी उत्पादन भएको कृषि ज्ञान केन्द्र परासीले जनाएको छ । यसवर्ष जिल्लामा २० हजार पाँच सय हेक्टरमा धानखेती गरिएकोमा ९३ हजार दुई सय ७५ मेट्रिक टन धान उत्पादन भएको कृषि ज्ञान केन्द्र परासीका निमित्त प्रमुख सन्तोष चौधरीले जानकारी दिए । यो वर्ष प्रति हेक्टर चार दशमलव ५५ मेट्रिक टनका दरले धान उत्पादन भएको तथ्याङ्क सङ्कलन गरेका छौँ, चौधरीले भने , गतवर्ष जिल्लामा ६४ हजार तीन सय दुई मेट्रिक टन धान उत्पादन भएको थियो । यस वर्षको साउन महिनाको खडेरीले धानमा क्षति पुगे पनि त्यसपछि नियमित पानी परेकाले धानमा क्षति हुन नपाएको चौधरीको भनाइ छ । रामग्राम नगरपालिका, सरावल, पाल्हीनन्दन गाउँपालिका, सुनवलका केही



भाग र बर्दघाट नगरपालिका धानको पकेट क्षेत्रको रुपमा चिनिन्छ । प्रतापपुर र सुस्ता गाउँपालिका उखु, केरा र बदामका लागि उपयुक्त मानिन्छ । जिल्लामा हाईब्रिड, साँवा, सुगन्धितलगायत जातका धान लगाउने गरिन्छ । धान प्रवर्द्धनका लागि गुणस्तरीय बीजवृद्धि कार्यक्रम, मसिना धानका कार्यक्रम सञ्चालन, सिँचाइका लागि पचास प्रतिशत अनुदानमा यन्त्र उपकरण वितरण, गुणस्तरीय बीउमा जोड दिने लगायतका कार्यक्रम सञ्चालन गर्ने गरिएको कृषि ज्ञान केन्द्र परासीका सूचना अधिकारी समीर मगरले जानकारी दिए । अनुकूल मौसम, रोगको प्रकोपमा कमी, किसानमा व्यवस्थापन र सचेतनामा वृद्धि, गुणस्तरीय बीउको प्रयोग, मलखादको व्यवस्थापन लगायतका कारण धान उत्पादनमा वृद्धि भएको हो, सूचना अधिकारी मगरले भने , रासायनिक मलको अभाव देखिए पनि कृषि सामग्रीमार्फत् केही हदसम्म मलखाद आएको र खुल्ला सीमा नाकाका कारण किसानले वैकल्पिक माध्यमबाट मलखाद व्यवस्थापन गरेकाले पनि धान उत्पादनमा वृद्धि भएको हो ।रासस

# नेप्से परिसूचक २४ दशमलव ४६ अक्तले घट्यो




काठमाडौँ, १९ मङ्सिर
आज नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ । परिसूचक २४ दशमलव ४६ अङ्कले घटेर एक हजार नौ सय ३८ दशमलव ७६ अङ्कमा कायम भएको हो । आज दुई सय ४० वटा कम्पनीको ४१ लाख २७ हजार दुई सय ८६ कित्ता शेयर २६ हजार चार सय ७५ पटक खरिदबिक्री हुँदा रु एक अर्ब ६७ करोड चार लाख ५५ हजार बराबरको कारोबार भएको छ । आजको कारोबारमा १४ वटा कम्पनीको सेयर मूल्य बढेको छ भने एक सय ८१ वटा कम्पनीको शेयर मूल्य घटेको छ । त्यस्तै, सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचक एक सय ३५ दशमलव ९२ अङ्कले घटेको छ भने उत्पादन समूहको उपसूचक एक सय २३ दशमलव ४७ अङ्कले घटेको छ ।बैंकिङ समूह नौ दशमलव ७८, विकास बैंक समूह ५३ दशमलव २१, वित्त समूह ३७ दशमलव ७५, होटल तथा पर्यटन समूह ३५ दशमलव ७४ र जलविद्युत् समूह ३५ दशमलव ०३ अङ्कले घटेको नेप्सेले जनाएको छ । त्यस्तै, लघुवित्त समूह ५८ दशमलव ५७, निर्जीवन बीमा समूह ९१ दशमलव ९५, व्यापार समूह २६ दशमलव २९, लगानी समूह शून्य दशमलव ६९ र अन्य समूह २८ दशमलव २७ अङ्कले घटेको छ । कारोबारपछि सयपत्री हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सबैभन्दा धेरै तीन दशमलव १२ प्रतिशतको वृद्धि देखिएको छ । त्यस्तै, सबैभन्दा धेरै अजोड इन्स्योरेन्स लिमिटेडका लगानीकर्ताले सात दशमलव ३७ प्रतिशतका दरले गुमाएका छन् । कारोबार रकमका आधारमा सबैभन्दा धेरै रिडी पावर कम्पनी लिमिटेडको ३० करोड ८३ लाख ५७ हजार र शिवम् सिमेन्टको २० करोड २३ लाख ४६ हजार छ सय ६२ कित्ता बराबर कारोबार भएको छ ।रासस

# सुन्तलाको बजारीकरणमा समस्या झेल्दै किसान

सुदूरपश्चिम, १९ मङ्सिर
कैलालीको चुरेपहाडी क्षेत्र निगालीका किसान टीकाराम आचार्य आफ्नो बारीको बोटमा हाँगा भाँचिने गरी लटरम्म सुन्तला फलेपछि खुसी हुनुभएको थियो । तर सुन्तलाले बजार नपाएपछि भने उहाँको चिन्ता बढिरहेको छ । यसपाली विगतका वर्षभन्दा सुन्तला उत्पादन बढ्दा खुसी छौँ, उनले भने , उत्पादित सुन्तलाको उचित मूल्य पाउन नसकेपछि भने चिन्ता थपिएको छ । उनको बारीमा सुन्तलाका पाँच सयभन्दा बढी बोट छन् । आचार्यले यस वर्ष निगाली र आसपासको क्षेत्रमा दुई हजार क्विन्टलभन्दा बढी सुन्तला फलेको हुनुसक्ने अनुमान गरे । निगालीमा उत्पादित सुन्तलाको नजिकैका मुख्य बजार धनगढी, महेन्द्रनगर र अत्तरिया हुन् । निगालीबाट अत्तरिया झण्डै ५५, धनगढी ६५ र महेन्द्रनगर एक सय किलोमिटरको दूरीमा छन् । चर्को ढुवानी भाडाका कारण बजारसम्म सुन्तलाको ढुवानी गर्न समस्या भइरहेको किसानको भनाइ छ । बजारीकरणको समस्या भए पनि निगाली क्षेत्रमा एक किसानले वर्षमा सुन्तला बिक्रीबाट मात्रै कम्तीमा रु ५० देखि बढीमा रु छ लाखसम्म आम्दानी गर्ने गरेका छन् । निगाली क्षेत्रमा शीतभण्डार गृह (कोल्डस्टोर) निर्माण गर्नुपर्ने किसानको धेरै वर्षअघि देखिको माग अझैँ पूरा हुनसकेको छैन । कोल्डस्टोरको अभावमा फलेको सुन्तला किसानले भण्डारण गर्न पाइरहेका छैनन् । अहिले भण्डारण गरेर यो सुन्तला फागुन, चैततिर बेच्दा मूल्य पाउँथ्यौँ, तर कोल्डस्टोर नहुँदा सुन्तला सस्तोमा दिनुपरेको छ, अर्का किसान सङ्गम आचार्यले भने । निगाली क्षेत्रलाई सरकारले सुन्तला उत्पादनको पकेट क्षेत्र घोषणा गरेको लामोसमय भइसकेको छ । सरकारको सम्बन्धित निकायले कतिपय किसानलाई सुन्तलाको बेर्नासम्म निःशुल्क उपलब्ध गराउँछ, आचार्यले भने , उपलब्ध गराइएका बेर्ना पनि काम नलाग्ने देखिन थालेपछि आफै नर्सरी बनाएर बेर्ना तयार गर्ने गरेका छौँ । अन्यत्रबाट ल्याइएको उन्नत जातको सुन्तलाभन्दा स्थानीय जातको स्वदिलो एवं मीठो हुने हुँदा किसान आफैले स्थानीय जातको सुन्तलाको बीउ तयार गरेर बोट रोप्ने गरेका छन् । सुन्तला खेती विस्तार हुँदै गए पनि भरपर्दो सिँचाइको असुविधा किसानलाई भइरहन्छ । सुन्तला बेच्न धनगढी पुगेका निगाली नजिकैको डोटीको जोरायल क्षेत्रका किसान प्रेम बोहराले केही वर्षदेखि निगाली क्षेत्रका साथै आसपासका अन्य क्षेत्रमा पनि सुन्तला खेती विस्तार भइरहेको बताए । खानमा निकै स्वादिलो र रसिलो हुने भएकाले निगालीको सुन्तलाको माग बजारमा बढी हुने गरेको छ । धनगढीको कृषिहाट बजारमा निगालीको सुन्तलाको प्रचार गर्दै व्यापारीबीच सुन्तला बिक्री गर्ने प्रतिस्पर्धा चलेको देखिन्छ । सुन्तला बेच्दै गरेको भेटिएका स्थानीय तीर्थराज ओझाले भने , फलफूल बजारमा यतिबेला स्थानीय क्षेत्रमा उत्पादित सुन्तलाले बजार पाउँदा भारतबाट भित्रिने सुन्तलाको आयात निकै घटेको छ । निगाली क्षेत्रले स्वादिलो सुन्तला उत्पादनमा पहिचान बनाए पनि त्यसको व्यवस्थित बजारीकरण हुन नसकिरहेको व्यापारीको समेत भनाइ छ । यसवर्ष चाहिने समयमा वर्षा भएको र असिनावृष्टि नभएका कारण सुन्तला उत्पादन वृद्धि भएको बताइएको छ ।निगाली क्षेत्रका सुन्तला बगैँचामा यति बेला हाँगा भाँचिने गरी सुन्तला लटरम्म फलेका छन् । थोक मूल्यमा खरिद गर्नका लागि बारीमै पूग्ने व्यापारीले पूरै बारीको ठेक्का बोलेर सुन्तला खरिद गर्ने गरेका छन् । सुन्तलाको बोटका हाँगा पहेँलो भइसुक्ने र दानामा दाग लाग्ने रोगको समस्या भने बेलाबखत देखिने गरेको छ । सो क्षेत्रमा बर्सेनि सुन्तला खेतीको विस्तार हुँदै गएको छ । अहिले निगालीमा मात्रै व्यावसायिक रुपमा सुन्तलाखेती गर्ने किसान तीन सयभन्दा बढी पुगिसकेका छन् । यति बेला बारीमा थोक मूल्यमा प्रतिकिलो रु ६० देखि ७० मा बिक्री हुने सुन्तला बजारमा पुर्‍याएर बिक्री गर्नेले प्रतिकिलो रु एक सयदेखि रु एकसय ४० सम्म मूल्य तोकेका छन् ।रासस

# मध्यमोदी जलविद्युत् आयोजनामा परीक्षण उत्पादन सुरु

पर्वत, १९ मङ्सिर
मोदी खोलामा निर्माणाधीन १८ मेगावाट क्षमताको मध्यमोदी जलविद्युत् आयोजनाको निर्माण पूरा भएको छ । आयोजनाको सम्पूर्ण काम पूरा भएर परीक्षण उत्पादनको तयारी सुरु गरिएको हो । मिडिल मोदी हाइड्रोपावर लिमिटेडले विसं २०७१ को मङ्सिरमा सुरु गरेको आयोजना आठ वर्षको अवधिमा सम्पन्न भएको हो । करिब रु चार अर्बको लगानीमा निर्माण भएको आयोजनाबाट सोमवारदेखि परीक्षण उत्पादन सुरु गरिएको आयोजना प्रमुख प्रताप खरेलले जानकारी दिए । नेपाल विद्युत् प्राधिकरणको टोलीले परीक्षण उत्पादन र प्रसारण लाइनमा जडान गर्ने कार्यको अध्ययन गरिरहेको खरेलले जानकारी दिए । निर्माण थालेको तीन वर्षमा नै काम पूरा गर्ने लक्ष्य राखिए पनि भूकम्प, नाकाबन्दी र कोभिड-१९ को असरका कारण आयोजना पाँच वर्षपछि धकेलिएको हो । आयोजना प्रमुख खरेलका अनुसार परीक्षण उत्पादन सुरु गरेपछि उत्पादित विद्युत् एक सय ३२ केभी क्षमताको मोदी-लेखनाथ सबस्टेसनमा जडान गर्ने तयारी भइरहेको छ । चौध दिनसम्मको परीक्षणपछि मात्र केन्द्रीय प्रसारण लाइनमा जोडिने भएको छ । आयोजनाको ड्याम, टनेल, पावर हाउस, टावर निर्माणलाई आयोजनाका प्रमुख र जटिल कामका रूपमा लिने गरिन्छ ती सबै काम पूरा भएका छन् । प्रसारण लाइनसमेतको निर्माण सकिएपछि परीक्षण उत्पादन थालिएको खरेलले बताए । सुरुआतमा रु दुई अर्ब ८० करोड लागत लाग्ने अनुमान गरिएको आयोजनाको निर्माण चौधरी ग्रुपले गरेको हो । विसं २०७१ मा ग्रुपका अध्यक्ष विनोद चौधरीले आयोजनाको शिलान्यास गरेका थिए । तीन वर्षमा नै निर्माणको काम सकेर २०७४ मङ्सिरमा काम पूरा गर्ने लक्ष्य राखिएको भए पनि प्रभावित क्षेत्रका नागरिकको पटकपटकको आन्दोलन र विरोध तथा प्राकृतिक विपद्का कारण आयोजनाको काम लम्बिएको आयोजना प्रमुख खरेलले जानकारी दिए । त्यसका कारण लागतसमेत ह्वात्तै बढेको छ । विसं २०७२ मा भूकम्पको मारमा परेको आयोजनाले बाढी र पहिराको पनि उस्तै सामना गर्नुपरेको थियो । पछिल्लो एक वर्षयता आयोजना निर्माण कार्यमा कुनै पनि पक्षबाट विरोध नभएका कारण कामले तीव्रता पाएको थियो । पर्वतको मोदी गाउँपालिका-२ केङ्गामा पावर हाउस राखिएको आयोजनाको बाँध भने कास्कीको अन्नपूर्ण गाउँपालिका-३ वीरेठाँटीमा रहेको छ । आयोजनाको दुई हजार तीन सय ९३ मिटर लामो सुरुङमा मोदी खोलाको पानी ल्याइनेछ । निर्माण सुरु गर्ने बेलामा १५ दशमलव एक मेगावाट क्षमतामा आयोजना सञ्चालन गर्ने भनिएको भए पनि निर्माण कार्य सँगसँगै क्षमता बढेर १८ मेगावाटमा पुगेको छ ।रासस

# सिम्लेमा फल्यो पांच करोडको सुन्तला

अर्घाखाँची, १९ मङ्सिर
जिल्लाको पाणिनि गाउँपालिका वडा नं १ सिम्लेमा मात्रै रु पाँच करोडको सुन्तला फलेको छ । सिम्लेमा मात्र ४९ घरका कृषक व्यावसायिक सुन्तला उत्पादनमा लागेका छन् । उहाँहरुले सबैले सुन्तला बेचेर कम्तीमा रु तीनदेखि २८ लाखसम्म आम्दानी गर्छन् । यस गाउँका ४९ घरपरिवार व्यावसायिक सुन्तलाखेतीमा लागेको र यसबाट मनग्य आम्दानी गर्न सफल भएको कृषक रेवतीराज पौडेलले बताए । उनले आफ्नो बारीमा पाँच सय ५५ बोट सुन्तला रहेको र यसबाट दुई सय ५०



क्विन्टलभन्दा बढी फलेको बताए । उनले यस वर्ष सुन्तला बिक्रीबाट रु २५ देखि २८ लाख आम्दानी हुने बताए । आफ्नो बारीमा पाँच सय ६५ बोट सुन्तला बगैँचामा रहेको जानकारी दिँदै कृषक दधीराम गौतमले भने , गत वर्ष सुन्तला बिक्रीबाट नौ लाख कमाएँ, यस वर्ष सुन्तला बढी फलेकाले रु १४ लाख आम्दानी हुने अपेक्षा छ ।विगतका वर्षमा यहाँ उत्पादन भएको सुन्तला प्रतिकिलो रु ६० देखि ६५ मा बुटवल, तानसेन र भैरहवाका बजारमा बिक्री गर्न बाध्य बनेका कृषक यस वर्ष पाणिनिको पोखराथोकमा शीतभण्डार बनेपछि भण्डारणलाई सहज भएको छ । अहिले मौसमीरुपमा सस्तो मूल्यमा बेच्नुभन्दा शीतभण्डारमा राखेर बैमौसमी समयमा महँगो दरमा सुन्तला बिक्री हुने भएपछि यहाँका कृषक खुसी भएको अगुवा कृषक चिरञ्जीवी पौडेलको भनाइ छ । विगतमा कुहिएर जाने समस्या भोगेका किसान अहिले सुन्तला शीतभण्डारमा राखेर बेमौसममा महँगो मूल्यमा बिक्री गर्ने योजना रहेको कृषक पौडेलले बताए । पाणिनि-१ मा मात्र नभइ वडा नं २ पोखराथोक, वडा नं ४ पटौटी र वडा नं ५ मैदानमा पनि सुन्तला उत्पादन हुने गर्दछ । पाणिनि गाउँपालिकासँगै मालारानी गाउँपालिका र छत्रदेव गाउँपालिकाका विभिन्न स्थानमा सुन्तलाखेती हुँदै आएको छ । अर्घाखाँचीमा एक वर्षमा रु २५ करोडको सुन्तला उत्पादन हुने प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइका प्रमुख रामनाथ पाण्डेले बताए । रासस

# बाख्रापालन र बेमौसमी तरकारी खेतीमा वादी महिला

बेदकोट, १९ मङ्सिर
कञ्चनपुर भीमदत्त नगरपालिका-९ मटेनाका वादी परिवार पहिले महाकाली नदी बगरमा गिट्टी र बालुका चालेर गुजारा गर्थे ।

वादी बस्तीका युवा रोजगारीका लागि भारत जान्थे । महिला र वृद्धवृद्धा घरखर्च चलाउन महाकालीको बगरमा गिट्टी र बालुका चाल्नुको विकल्प थिएन । अहिले भने यी वादी परिवारहरु गिट्टी र बालुवाको काम छाडेर अन्य पेशामा आबद्ध हुन थालेका छन् । सीपमूलक तालिम सिकेर उनीहरु आयआर्जनमा जोडिदै गएका हुन् । पछिल्लो समय उनीहरु बाखापालनसँगै बेमौसमी तरकारी खेतीमा आबद्ध हुन थालेका छन् । यसैबाट वादी परिवारले घरखर्च जोहो गरिरहेको माया वादीले बताए । पहिले महाकाली नदी किनारमा गिट्टी कुटेर घरखर्च चलाउने गर्थे तर अहिले अवस्था फेरिएको छ, उनले भने , विभिन्न सीप सिकेर आयआर्जनमा महिला जोडिदै गएका छन् । आयआर्जनमा मात्रै होइन वादी समुदायका महिलाहरु सामाजिकरुपमा सशक्त पनि बन्दै गएका छन् ।

अहिले बादी समुदायका महिलाले समूह गठन गरेर बचतसँगै सस्तो ब्याजदरमा ऋण लगानी पनि गरिरहेका छन् । चार वर्षअघि हिमाल महिला सशक्तिकरण केन्द्र गठन गरेर पैसा बचत गर्ने गरेका छौँ, अहिले २७ हजार बचत पुगेको छ, केन्द्रकी संयोजक कल्पना वादीले भने , आवश्यक परेका व्यक्तिलाई सस्तो व्याजदरमा ऋण पनि दिने गरेका छौँ । समूह गठन गर्दा परिचयसम्म दिन नसक्ने महिला अहिले आफ्ना समस्या पनि सहजै भन्नसक्ने भएको उनको भनाइ छ । विभिन्न सङ्घ संस्थाले समूह बनाएर आयआर्जनका लागि भन्दै बाखा वितरण गर्दा वादी महिलालाई आयआर्जनमा जोडिन सहयोग पुगेको उनको भनाइ छ ।

वादी महिला बाखाका लागि खोर निर्माण गरेर व्यवस्थित ढङ्गले बाखा पालनमा लागेका छन् । विभिन्न तालिमबाट सीप सिकेर बाखालाई घाँस दाना खुवाउनदेखि उपचारआदीका विषयमा जानकार भएका छन्, कल्पनाले भने , यसले पनि हामीलाई सघाएको छ ।रासस



सुनसरीको भोक्राहा नरसिंह गाउँपालिकास्थित जलासयमा माछा मार्दै स्थानीयवासी । तस्बिर : नवीन गड्तौला/रासस

# संसद् भवन निर्माणमा कानून उल्लंघन

काठमाडौँ, १९ मङ्सिर

कानून बनाउने मुख्य थलो सङ्घीय संसद् भवन निर्माणका क्रममा कानून उल्लङ्घन भएको भेटिएको छ । भवन निर्माण वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) बिना भइरहेको हो । कुनै पनि ठूला भवन निर्माण गर्नुपूर्व इआइए अनिवार्य गर्नुपर्ने कानूनी व्यवस्था छ । वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ अनुसार इआइए बिना पूर्वाधार निर्माण गर्न पाईंदैन । तर सिंहदरबार परिसरमा विसं २०७६ देखि निर्माण सुरु भएको सङ्घीय संसद् भवन भने प्रभाव मूल्याङ्कन नगरी ६० प्रतिशत काम सकिएको छ । सहरी विकास तथा भवन निर्माण विभागले ढिला गरी पत्र पठाएपछि निर्माण नभएको भए प्रमाण पेश गर्नु भनी पत्राचार गरिएको शाखाका सहायक वन अधिकृत खिलानाथ दाहालले राससलाई जानकारी दिनुभयो । वन तथा वातावरण मन्त्रालय, वातावरणीय प्रभाव मूल्याङ्कन शाखामा भवन बनाउन सुरु गरिसकेपछि मात्र स्वीकृतिका लागि पत्राचार गरिएको थियो । वातावरण संरक्षण ऐन र नियमावलीमा कुनै पनि आयोजना सुरु गर्नुअघि वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । वातावरणीय प्रभाव मूल्याङ्कन नगरी सुरु भएका आयोजनालाई रु १० लाखदेखि रु ५० लाखसम्म जरिवाना लिनसक्ने व्यवस्था पनि कानूनमा गरिएको छ । जरिवाना गर्ने अधिकार वन तथा वातावरण मन्त्रीलाई रहेको शाखाले जनाएको छ ।

विभागअन्तर्गत विशेष भवन निर्माण आयोजनाका आयोजना निर्देशक मचाकाजी महर्जन सार्वजनिक खरिद ऐनमा भने भवन निर्माण सुरु गरिसकेपछि पनि वातावरणीय प्रभाव मूल्याङ्कन गराउन सकिने व्यवस्था रहेको दाबी गर्नुहुन्छ । वातावरण मन्त्रालयले भने निर्माण सुरु गर्नुअघि नै प्रभाव मूल्याङ्कन नगरे जरिवाना तिर्नुपर्ने व्यवस्था रहेको जनाएको छ ।

विभागअन्तर्गत विशेष भवन निर्माण आयोजनाले सङ्घीय संसद् भवनको निर्माण गरिरहेको छ । विसं २०७६ असोज १६ गते भवन निर्माणका लागि सम्झौता भएको थियो । सम्झौताअनुसार भवन निर्माणका लागि तीन वर्षको अवधि दिइएको थियो । त्यसअनुसार गत भदौ १५ गते नै काम सकिनुपर्ने थियो । कोरोनाको कारण देखाउँदै निर्माण व्यवसायीले काम सकेनन् । म्याद थपका लागि निवेदन दिए । सोअनुसार विभागले आगामी चैत १५ गतेसम्मका लागि छ महिना म्याद थप गरेको आयोजना निर्देशक महर्जनले जानकारी दिनुभयो । म्याद थपिएको छ महिनामा पनि काम नसकिने निश्चित रहेको आयोजनाले जनाएको छ । तीन वर्षमा ६० प्रतिशत भौतिक र ५९ प्रतिशत वित्तीय प्रगति भएको आयोजना निर्देशक महर्जनले सुनाउनुभयो । टुँडी/शेक जेभीले रु पाँच अर्ब ६८ करोडको लागतमा भवन निर्माणको ठेक्का पाएको छ । सङ्घीय संसद् भवनका लागि ११ वटा छुट्टाछुट्टै संरचना निर्माण भइरहेको छ । सङ्घीय संसद्का लागि प्रतिनिधिसभा, राष्ट्रियसभा, केन्द्रीय लबी, पुस्तकालय, सङ्ग्रहालय, सचिवालय, संसदीय दल, सुरक्षा निकायको भवनलगायत संरचना निर्माण भइरहेको छ । प्रतिनिधिसभा, राष्ट्रियसभा, केन्द्रीय लबीका भवनमा छाना हाल्न बाँकी छ । अन्य आठ भवनमा भने छाना हालेर 'फिनिसिङ' को काममात्र बाँकी रहेको आयोजना निर्देशक महर्जनले जानकारी दिनुभयो । तीनवटै भवनमा ४२ मिटर (करिब १५० फिट) को ट्रस राखिने छ । यो सबै काम सक्न कम्तीमा पनि एक वर्ष लाग्ने आयोजनाले जनाएको छ । सम्झौता भएपछि पनि निर्माणस्थलमा नेपाली सेनाका संरचना रहेकाले काममा ढिलाइ भएको हो । बीचमा कोरोना महामारी नभएको भए समयमा काम सकिने थियो । प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सकिएर संसद् अधिवेशन सुरु हुने बेलामा सङ्घीय संसद् भवन निर्माणको विषय चर्चामा आएको छ । यसपटकको हिउँदे अधिवेशन र आगामी वर्षे अधिवेशनका लागि सिंहदरबारमा निर्माण भइरहेको भवन तयार नहुने विभागले जनाएको छ । सङ्घीय संसद् सचिवालयले सहरी विकास मन्त्रालयअन्तर्गत रहेको बानेश्वरस्थित अन्तर र्राष्ट्रिय सम्मेलन केन्द्र संसद् चलाउनका लागि विसं २०६५ देखि भाडामा लिएको छ । रासस

# इतिहास रच्ने नेपाली महिला : डा विष्णुमाया परियार

सुशील दर्नाल
काठमाडौँ, १९ असोज

भनिन्छ, 'अभावले मानिसलाई सङ्घर्ष गर्न सिकाउँछ, अनि सङ्घर्षले सफलता मिल्छ ।' त्यही भनाइलाई पछ्याउँदै विभिन्न समस्या र अभावका बीचबाट निरन्तर सङ्घर्ष गरी सामाजिक अभियन्ता डा विष्णुमाया परियारले विश्वमा इतिहास रच्नुभएको छ । सन् १९७३ डिसेम्बर १९ मा गोरखाको दुर्गम ताक्लुङ गाविस कोट गाउँको दलित परिवारमा जन्मिनुभएकी विष्णुमायाबारे अमेरिकाका चर्चित नागरिक अधिकारकर्मी रोजा पार्कसमेत समावेश भएको पाठचपुस्तकमा समावेश गरिएको छ । विश्वको इतिहास र भूगोल विषयको १२ नम्बर च्याप्टरमा वृत्तचित्र 'अनटचेबल' शीर्षकमा समावेश गरिएको विभिन्न 'भिडियो स्लाइड सो'का माध्यमबाट पढाई हुन्छ । असमानता र जातीय भेदभाव तथा छुवाछूतबारे रोजालाई उद्धृत गरेर बुझाएपछि उदाहरणका रुपमा विष्णुमाया परियारलाई राखिएको छ । उहाँ भन्नुहुन्छ, अनटचेबल शिर्षकमा नेपालमा स्थापना गरेको दलित महिला उत्थान सङ्घ (एड्वान) मार्फत भएका कामबारे छलफल गराइन्छ, २० मिनेट मेरो बारेमा पढाइ हुन्छ, अछूत र जातीय प्रणालीलाई संयुक्त राष्ट्र सङ्घको दिगो विकाससँग जोडेर पढाइ हुन्छ । सो पाठमा विभेदबारे जानकारी गराउने आठ वटा स्लाइड राखिएको छ । पाठ मासाचुसेट्सका सबै सरकारी विद्यालयमा लागू गरिएको विष्णुमायाले जानकारी दिए । त्यसैगरी 'दि राइटर्स माइन्डसेट' पुस्तकमा ५२ जनाको जीवनी उल्लेख भएकोमा विष्णुमायाको कहानी पनि समावेश गरिएको छ ।

पुस्तकको ६९२ पृष्ठमध्ये ५९१-५९४ बीचको चार पृष्ठमा विष्णुमायाका बारेमा उल्लेख छ । डा लिसा हफ्नरद्वारा लिखित 'दि राइटर्स माइन्डसेट' अमेरिकाको टेक्सास म्यक्लेनन कम्युनिटी कलेजमा १९८९ देखि अध्ययन हुँदै आएको छ । यसभन्दा पहिले पनि नेपाली अछूत भनिएका महिलाका कहानी ११ सयभन्दा बढी विद्यालय, क्याम्पस र विश्वविद्यालयमा पढाइ भएको थियो । एड्वानकी संस्थापक तथा सिटी सहरकी महिला आयोग सदस्य विष्णुमायाले प्यासिफिक आइल्यान्डरकी कमिसनर भएर काम गरिरहेका छन । विष्णुमायाले न्युजर्सी सिटीमा मेयरको सल्लाहकार समितिमा रहेर काम गरेका थिए ।

सङ्घर्षपूर्ण बाल्यकाल

बाबु रुपबहादुर परियार र आमा फनमाया परियारकी ठाहिंली छोरी डा विष्णुमायाको परिवारमा १० दिदीबहिनी र एक छोरा छन् । गरिबी, अभावसँगै समाजमा व्याप्त अछुत हुनुको पिडा । सदियौँदेखि दलित समुदायले भोग्दै आएको छुवाछूतको पिडाले उनको बालमस्तिष्कलाई नराम्ररी प्रभावित बनाउथ्यो । जातीय भेदभाव तथा छुवाछूतमात्रै हैन, छोरीलाई पढाउनुपर्छ भन्ने चेतना पनि त्यतिबेला खुलेकै थिएन । बुबा रुपबहादुरको काम भनेको विष्ट(उपल्लो जात भनिएका व्यक्ति)कोमा लुगा सिलाउने थियो भने आमा फनमाया तिनै विष्टका घरमा बाली उठाउन हिड्ने गर्नुहुन्थ्यो ।

विष्णुमाया भन्छन, मेरो बाबाले हजारौँ कपडालाई नयाँ स्वरूप दिए , कति कलका सिगोहरु भाँचिए, आमाले बाली बोक्ने कति डोकाहरु फाटे, तर आफ्नो परिवारमा कहिल्यै काँचुली फेरिएन, शरीरले कहिल्यै चम्किलो कपडा देखेन । बुबा नभएको भए म यो ठाउँमा हुने कल्पनासम्म पनि गर्न सक्थिनँ । अहिले अमेरिकाको पाइन म्यानर कलेजले मानार्थ डा को उपाधि दिए पनि विष्णुमायाको जीवनको शुरुआती दिनहरू अहिलेको जस्ता थिएनन् । स्कूल पढ्दा विष्णुमायाले तिर्खाएका बेला धारामा गएर पानी खान पाउनुहुन्नथ्यो । सरस्वती पूजाको दिन पूजा गर्न मनाही थियो । यो सम्झदा विष्णुमायाका आँखाका डिल रसाउँछन् । विष्टको घरमा खाना खाएपछि आफैँले भाडा माझ्नुपर्थ्यो, खाएको ठाउँमा गोवरले पोत्नुपर्ने र सुनपानीले छर्किनुपर्ने । आफू सानै छँदासोधिएको जिज्ञासामा बाबु रुपबहादुरको जवाफ यो जातीय विभेद हो छोरी, तिमीहरु यसको विरुद्धमा लड्नुपर्छ भन्ने भनाइ नै विष्णुमायालाई जीवनको मूल मन्त्र बन्यो । त्यसैले होला विष्णुमायाको कलिलो दिमागमा विद्रोहको भाव आयो-"बरु म यतिकै तिर्खाले मर्छु तर अन्जुलीमा पानी थापेर खान्न । बुबाले पढ्न पठाउने मन गरेपनि पढ्नका लागि चाहिने वातावरण घरमा थिएन । तरपनि विष्णुमायाले हिम्मत हारेनन । उनले कक्षा ७ सम्म स्थानीय श्री सिंजाली माविमा



अध्ययन गर्नुभयो । घरमा चरम आर्थिक अभाव थियो । त्यसपछि घरको आर्थिक अवस्था कमजोर भएपनि साढे दुई घन्टाको दूरी हिडेर अर्को गाउँको विद्यालयमा पढ्न जानुहुन्थ्यो विष्णुमाया । उनले भन्छन ठूलो परिवार थियो, त्यसैमाथि गरिबी, गरिबीका कारण घरमा चामलको भात देख्न पाइँदैनथियो । अर्को गाउँको विद्यालय मनकामनाबाट विष्णुमायाले कक्षा १० पास गर्नुभयो ।

एसएलसीमा राम्रो गर्नको लागि म घ्याल्चोक भन्ने ठाउँमा पढ्न गएँ, त्यतिबेला एकजना क्षेत्रीको गोठमा बसेको थिएँ, मेरा साथीहरु नेवार थरको थिए, सबैले खाइसकेपछि मात्रै मैले खाना खानुपर्थ्यो । खाना खाएपछि भाँडा माझेर आफू बसेको ठाउँमा गोबरले लिप्थे, सुकेपछि आगो र सुनपानी छर्किएर उनीहरू 'पवित्र' पार्थे उनले भन्छन । आर्थिक अभावका बीच विष्णुमायाले २०४८ सालमा एसएलसी उत्तीर्ण गर्नुभयो । एसएलसी दिँदै गर्दा अमेरिकी स्वयंसेवी संस्था पिसकोरका स्वयंसेवक जोन रुकम्यानसँग भेट भयो । विष्णुमायाको प्रतिभा देखेर उच्च शिक्षा आर्जनका लागि जोनबाट सघाउने आश्वासन पाएको दिन विष्णुमायालाई संसार जितेजस्तो भयो । दलित परिवारबाट एसएलसी गर्ने पहिलो छात्रा बनेकी विष्णुमायालाई आफ्ना बाबुसँग ६० रुपैयाँ लिएर काठमाडौँ झरे ।

काठमाडौँमा पनि छुवाछूत उस्तै थियो । दलित भनेपछि कोठा भाडामा पाउनै समस्या । काठमाडौँमा उनले अभावसँगै छुवाछुतलाई पनि सामना गर्नुपऱ्यो । काठमाडौँमा पद्मकन्या क्याम्पसमा अध्ययन गरे । पढाइसँगै उनले उपेक्षित समुदायका लागि लघुवित्त परियोजनामा तराईका केही जिल्लामा काम सुरु गरे । सन् १९९९ मा विष्णुमाया अमेरिका पुगे । त्यहाँ उहाँले पाइन म्यानर कलेज बोस्टनबाट 'सोसियल एण्ड पोलिटिकल सिस्टम' विषययमा ग्रयाजुयसन गरे । सानैदेखि पढाईमा अब्बल विष्णुमाया संसारमै ३० जनाको मात्र कोटा भएको क्लार्क युनिर्भसिटीमा 'अन्तर्राष्ट्रिय विकास तथा सामाजिक परिवर्तनमा' छात्रवृत्ति पाउने नेपालको पहिलो महिला छन । त्यसैबेला विष्णुमायाले पस्मिनाका सलहरु अमेरिकामा बेचेर नेपालका विपन्न परिवारलाई आर्थिक सहयोग समेत गर्नुभयो । त्यसबाट उहाँले वर्षमा २८ लाखसम्मको व्यापार गरेर नेपालको शिक्षा, महिला सशक्तीकरण र सामाजिक काममा सहयोग गरे । अमेरिका गएपछि सबैभन्दा पहिले सामाजिक कामसँगै विष्णुमायाको काम अङ्ग्रेजी सिक्ने भयो । त्यसका लागि उहाँ यिनी नर्थ इर्स्टन युनिभर्सिटीमा भर्ना भए ।

सम्मान तथा पुरस्कार

डा विष्णुमायालाई सन् २००६ मा हाडवर्ड विश्वविद्यालयले ब्रिज विल्डर अवार्डबाट सम्मान गरेको थियो । जुन सम्मान विश्वका छ व्यक्तिलाई मात्रै प्रदान गरिएको थियो । सन् २००६ मा संयुक्त राष्ट्र सङ्घले पाँच हजार डलरसहित मानव अधिकार पुरस्कार दिएको थियो । त्यो पुरस्कार विश्वका छ जनाले मात्र पाएका थिए । सन् २००७ मा विश्व बैङ्कले विश्वका ११ जना व्यक्तिलाई प्रदान गरेको ११ हजार डलरसहितको पुरस्कार प्राप्त गर्नुभएको थियो । अमेरिकाको क्लार्क विश्वविद्यालयबाट सामाजिक परिवर्तन र अन्तर्राष्ट्रिय विकासमा स्नातकोत्तर विष्णुमायालाई पाइन म्यानर कलेजले सन २०१३ मा 'अनररी डक्टरेड' (वियोन्ड द पिएचडी) ले सम्मान गऱ्यो ।

'ग्लोबल युथ लिडरसिप अवार्ड २०१९, ब्रिज बिल्डर अवार्ड र प्रेसिडेन्ट कप अवार्डबाट उहाँलाई सम्मान गरिएको थियो । अमेरिकाको केन्टोकी राज्यमा २७ सेप्टेम्बर, २०१५ मा 'विष्णुमाया परियार डे' घोषणा गरेर सेलिब्रेट गरियो । अन्तराष्ट्रिय कलाकार समाज (इनास) अमेरिकाले हालै उहाँसहित ११ नेपाली व्यक्तित्वलाई सम्मानीत गरेको छ । विष्णुमायाले नेपालको इन्द्रावती गाउँपालिका र जर्सी सिटीबीच भगेनी सम्बन्ध स्थापित गरेका छन । उनले अमेरिकाको न्युजर्सी सिटीमा नेपाली झन्डा फहराएका थिए ।

समाज सेवामा समर्पित

आफू दलित भएकै कारण भोग्नु परेका पिडा अरुले भोग्न नपरोस् भनने उद्देश्यले दलित समुदायका महिलाहरुलाई सङ्गठित बनाउँदै उनीहरुको आर्थिक र शैक्षिक विकास गर्न विष्णुमायाले सन् १९९८ मा दलित महिला सङ्घ (एड्वान) स्थापना गरे । हाल उनी सो संस्थाको संरक्षक रहेका छन । एड्वानले अहिले नौ जिल्लामा एक सय ११ वटा महिलाको समूह निर्माण गरिसकेको अध्यक्ष विन्दु परियारले जानकारी दिनुभयो । उनले भने , अहिले करिब ६० हजारभन्दा बढी महिला संलग्न भएर एड्वानका गतिविधिमार्फत सहयोग लिइरहेका छन्, त्यसबाट उद्यमी बन्नुका साथै नेतृत्व क्षमता विकास गरिरहेका छन् । एड्वानले २५ सयभन्दा बढी बालबालिकालाई स्कुल, कलेज र विश्वविद्यालय पढ्न छात्रवृत्ति प्रदान गरेको छ । पछिल्लो समयमा एड्वानले दलित समुदायका महिलालाई ऐन/कानून र संविधानबारे क्षमता विकासका कार्यक्रम पनि सञ्चालन गर्दै आएको छ । विष्णुमायाले २०७२ सालको भूकम्पको समयमा चार सय भूकम्प पीडितको घर निर्माणमा सहयोग जुटाउने काम गर्नुभयो । विष्णुमायालाई देश र समुदायको लागि यति धेरै गरेर पुगेको छैन । हाल अमेरिकामै रहेकी उनी केही समयअघि नेपाल आउँदा भएको भेटवार्ताको क्रममा उहाँले नेपाललाई अझै चिनाउन बाँकी रहेको बताएका थिए । उनले भने मँ एउटा सपना बोकेर हिड्ने मान्छे हो, म एउटा खुड्किलोमा चढ्छु, फेरि अर्को खड्किलो चढ्न मन लाग्छ, जे गर्नु छ त्यसमा मात्रै केन्द्रित हुने मेरो स्वभावले नै मलाई सफलता हासिल भएको छ । अरुले के भन्ला भन्नेमा चासो लाग्दैन । संसारका विश्वविद्यालयमा अध्ययन हुने विष्णुमायाबारे भने नेपाल सरकार बेखबर छ । यसमा भने विष्णुमायालाई दुःख लाग्छ । मैले जे गरेको छु त्यो नेपाल र नेपालीका लागि गरेको छु, मेरो बारेमा विश्वका अरु मानिसले चासो राखेका हुन्छन् र नेपाल सरकारले अहिलेसम्म सम्झेको छैन, खोजेको छैन । रासस

## नेपालमा बुबाको पथ ..................................

ठाउँमा पुग्दा त्यहाँ धेरै उत्पादन गरेको पाउँछु, त्यो देखेर निकै खुसी लाग्छ", क्याट्रिन भन्नुहुन्छ ।

नेपालका हिमाल पहाडका स्वच्छ ठाउँमा समेत प्लास्टिक फालेको देख्दा उहाँलाई साह्रै नराम्रो लाग्छ । पदयात्राका क्रममा पनि कतै प्लास्टिकका बोटल, झोला आदि फालिएको देखिने बताउँदै उहाँले अर्गानिक उत्पादन गर्न सकिने माटोलाई प्लास्टिकले धेरै बिगार्नेहुँदा देशलाई प्लास्टिकमुक्त गराउनुपर्ने सुझाव दिनुहुन्छ । कुनै पदयात्रा होस् या पर्यटकीय क्षेत्र, त्यहाँका स्थानीयको संलग्नता होस र उनीहरुलाई प्रत्यक्ष लाभ पुगोस् भन्ने उहाँ चाहनुहुन्छ । "हुम्ला, मानसरोवरमा मैले एकपटक देखेँ कि विदेशी पर्यटक हेलिकप्टरमा आए र गए । स्थानीयले के पाए त ? यस्ता पर्यटक पुग्ने स्थानमा पूर्वाधार निर्माण होउन्, त्यहीँका स्थानीयको संलग्नता होस् र उनीहरुका स्थानीय उपज खपत हुन् । पर्यटनको दिगो विकास भनेको यही हो । स्थानीयको सहभागिता र उनीहरुले पाउन सक्ने लाभ बिना पर्यटनमात्र होइन कुनै पनि क्षेत्रको दिगो विकास सम्भव छैन । विकास त होला कुनै निश्चित समयावधिमा, तर त्यसको दिगोपना हुँदैन", उहाँको भनाइ छ ।

नेपाल धेरै परिवर्तन भएको देख्दा आफूलाई निकै खुसी लाग्ने उहाँ बताउनुहुन्छ । पहिले बुबासँग नेपाल आउँदा देखेको नेपाल अहिले देख्दा अचम्म मान्नुहुन्छ उहाँ । "कति धेरै फरक भइसक्यो । उ बेला नेपालमा चर्पी थिएन, मलाई लाग्छ बनाउने चलन पनि थिएन होला । बालिका, महिला अहिले कति शिक्षित भइसके । राज्यका विभिन्न तथा महत्वपूर्ण निकायमा महिला पुगेका छन् । स्कूल कलेज गाउँगाउँमा छन् । सरसफाइ छ । बाटोघाटो पुगेको छ", पचास वर्षअघिको नेपाल सम्झँदै उहाँ भन्नुहुन्छ तर पनि कतिपय ग्रामीण क्षेत्रमा भने अझै पनि चेतनाको स्तरलाई बढाउनुपर्ने उहाँ महसुस गर्नुहुन्छ । तीन वर्षअघि दार्चुलाको घटना सम्झँदै भन्नुयभो "एकजना चार वर्षीय बालकको खुट्टा पोलेको थियो र ठूलो घाउ थियो । मैले काठमाडौँ लैजान्छौँ, निःशुल्क उपचार पनि गर्छौंभन्दा पनि बुबाआमा र आफन्तले मानेनन् । घरायसी उपचारले नै ठीक हुन्छ भने । बालकको खुट्टा बिग्रिन्छभन्दा पनि मानेनन् । काठमाडौँ आउन जान टाढा हुने तथा घरमा गाईबस्तु हेर्ने मान्छे पनि कोही नहुने भनेर उनीहरु मानेनन् । यो घटनाले मलाई छोइरहन्छ । मानिसले आफ्नो स्वास्थ्यलाई महत्व दिउन् भन्ने लाग्छ ।" आफ्नो जन्मघर स्वीट्जरल्याण्ड भए पनि बुबाजस्तै आफूले नेपाललाई कर्मघर बनाउने उहाँ बताउनुहुन्छ । हुन पनि उहाँ नेपाल जति अरु देश घुम्नुभएको छैन अनि टोनी हेगन फाउन्डेसनको कार्यक्रम पनि नेपालबाहेक अन्यत्र छैन । भन्नुहुन्छ "नेपाल त प्रकृतिले नै वरदानस्वरुप दिएको देश हो, जति पटक आयो त्यति नै राम्रो र झन नयाँ लाग्छ ।"

प्रस्तुती: एकराज पाठक (रासस)

## के हो सोशियल ..................................

तष्यल हरुको प्रयोग गर्नं पर्दछ यसले गर्दा अनलाइन सुरक्षाको स्थिति मजबुत बन्न जान्छ ।

- आफुले प्रयोग गर्ने डिभाइस तथा आप्लिकेशनह(रुको पासवर्ड, पिन नम्वर, तथा कोड नम्बरहरु समय समयमा परिवर्तन गरि रहनु पर्दछ । साथै यस्ता पासवर्डहरुको कम्बीनेसन अप्ठ्यारो किसिमको राख्नु पर्दछ जस्तै उदाहरणको रुपमा svj&g3S8x_fB5'rT आदी ।
- पासवर्ड, पिन नम्बर, तथा कोड नम्वरहरु सकेसम्म कहिले पनि आफ्नो मोवाइलमा सेभ गरेर राख्नु हुंदैन ।
- सकेसम्म आफ्नो मोवाइल र फोन नम्बर तथा इमेल ठेगाना सामाजिक सञ्जालहरुमा सार्वजनिक गर्नं हुंदैन ।
- आपराधिक क्रियाकलापका लागि तयार पारिएका लिङ्कहरुमा स्पेलिङ्गहरु गलत हुने अलि अस्वाभाविक देखिने गर्दछ यसबाट पनि सचेत रहन मद्धत पुग्दछ ।
- कुनै पनि लिङ्कहरुलाई सिधै खोल्नु अघि पठा(उने संघ संस्थाहरु अथवा व्यक्तिको आधिकारीकता पुष्टी गर्नं पर्दछ ।
- सामाजिक संञ्जालहरुमा राम्ररी नबुझि व्यक्तिगत जानकारी तथा सूचनाहरु राख्ने कार्य गर्नं हुदैन ।
- बैक वा कुनै पनि संघ र संस्थाहरु मार्फत प्राप्त पासवर्ड, पिन नंम्बर, पैसाको कारोबारहरु अथवा अन्य संवेदनशिल जानकारीहरु फोनकल मार्फत कसैलाई पनि उपलब्ध गराउनु हुदैन

निष्कर्ष

सोशियल इन्जिनियरिंङ्ग प्रविधि प्रयोग गर्नंको मूख्य उदेश्य भनेको पहिलो आर्थिक फाईदाको लागि, कतिपयले बदलाको भावनाले प्रेरित भएर पनि गर्दछन, विभिन्न प्रमाणको रुपमा पनि कतिपय महत्वपूर्ण सूचना तथा जानकारीहरु प्राप्त गर्ने कोसिस गर्दछन भने कतिपयले रमाइलोको लागि पनि यस प्रकारको कार्य गर्ने गरेको पाइन्छ भने कतिले प्रतियोगिहरु बिच फाइदा प्राप्त गर्न पनि यो कार्य गर्ने गर्दछन ।

यसबाट बच्ने सवै भन्दा उपयुक्त विधि भनेको साईवर स-चेतना तथा जागरुकता नै हो । जब सम्म सवै प्रयोगकर्ताहरुमा यस सम्वन्धि जागरुकता जगाउन सकिदैन तव सम्म यसवाट छुटकारा पाउन सकिदैन ।

यदि कसैले कुनै साईवर सुरक्षण प्रविधि उपयुक्त तरिकाबाट प्रयोग गर्न नजाने वा कुनै प्रक्रिय(ाबाट साईवर अपराधको सिकार बन्न पुग्नु भएको छ भने यस्तो अवस्थामा जतिसक्दो चाँडो नजिकको प्रहरी वा साईबर ब्यूरोमा सम्पर्क गर्नं पर्ने हुन्छ ।

(ढोडारीः नास्टका सिस्टम एडमिनिस्ट्रेटर हुन्)
साभार : नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा (प्रतिष्ठान (नास्ट)




भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी  अहमदाबादमा गुजरात राज्य विधानसभा चुनावको दोस्रो चरणको लागि मतदान गर्न आइपुग्दा इशारा गर्दै ।
(साम पन्थकी / एएफपी द्वारा फोटो)

# चर्चित फ्रान्सेली लेखक लापियरेको निधन

मार्सेली, १९ मङ्सिर

फ्रान्सेली लेखक डोमिनिक लापियरेको निधन भएको छ । उनी ९१ बर्षको थिए । उनका 'फ्रिडम एट मिडनाइट' र 'सिटी अफ जोय' जस्ता पुस्तक भारतमा सर्वाधिक बिक्री हुने पुस्तकमध्ये पर्दछन् । ९१ वर्षको उमेरमा बुढ्योली र सम्बन्धित रोगका कारण उनको निधन भएको छ, उनकी पत्नी डोमिनिक कोन्कोन-लापियरेले फ्रान्सेली पत्रिका वार-माटिनसँग आइतबार भने । जुलाई ३०, १९३१ मा चाटेलेलोनमा जन्मिएका लापियरेले अमेरिकी लेखक ल्यारी कोलिन्ससँग मिलेर लेखेका छ वटा पुस्तकको विश्वभर करिब ५ करोड प्रति बिक्री भएको थियो । सन् १९६५ मा प्रकाशित गैर-आख्यान यस पुस्तकमा नाजी जर्मनीले फ्रान्सेली राजधानीमा नियन्त्रण तथा आत्मसमर्पण गरेको र फ्रान्सिस फोर्ड कोपोला र गोर भिडालद्वारा रजत पर्दाको लागि अनुकूलित गरिएका अगस्त १९४४ सम्मका घटनाहरूको वर्णन गरिएको छ । सन् १९८५ मा कोलकाताका एक रिक्सा चालकले भोग्नुपरेको पीडाबारे लेखिएको उनको उपन्यास 'सिटी अफ जोय' भारतमा उहाँको सर्बाधिक पढिएको कृति हो । यसै कथामा सन् १९९२ मा प्याट्रिक स्वेज अभिनित र रोलान्ड जोफद्वारा निर्देशित एक चलचित्र रिलिज भएको थियो । लापियरेले आफ्नो रोयल्टीको ठूलो हिस्सा 'सिटी अफ जोय' बाट भारतमा मानवीय परियोजनाहरूमा सहयोग गर्न दान गरेका थिए । सन् १९८० को दशकको सुरुतिर कोलकातामा मदर टेरेसालाई भेट्न जाँदा उनले रोयल्टीबाट जम्मा भएको ५० हजार अमेरिकी डलर प्रदान गरेका




थिए । सहयोग स्वीकार्दै टेरेसाले भनेका थिए,यदि यो सहयोगको उक्त थोपा (रकम) नभएको भए आफ्नो अभियानका लागि ठूलो रकम (समुद्र)समेत जम्मा हुने थिएन । सन् २००५ मा लापियरेले मानवीय कार्यका साथै पाठकहरूको दानका कारण '२४ वर्षमा १० लाख क्षयरोगका बिरामीहरूलाई निको पार्न र कुष्ठरोग लागेका नौ हजार बालबालिकाको हेरचाह गर्न सम्भव भएको' बताएका थिए । धाराप्रवाह बङ्गाली भाषा बोल्ने साहसी फ्रान्सेली उपन्यासकारले आफ्नो कृतिको बिक्री र ख्यातीबारे भने , सबैभन्दा बढी बिक्री हुने लेखक भएर मात्र पुग्दैन । यसबाट प्राप्त हुने रकम सही काममा प्रयोग हुनु ठूलो कुरा हो । आफ्नो पुस्तकमा लेखिएजस्तै अन्यायहरूविरुद्ध न्यायका लागि सधैं सङ्घर्ष गर्नुपर्ने र आवश्यक हुनेका लागि सधैँ सहयोग गर्नुपर्ने धारणा उनले राख्थे । (रासस/एएफपी)

# गुजरातमा विधानसभा मतदान

गुजरात, १९ मङ्सिर

गुजरात विधानसभा चुनावको दोस्रो तथा अन्तिम चरणअन्तर्गत उत्तर र मध्य गुजरातका १४ जिल्लाका ९३ विधानसभा निर्वाचन क्षेत्रमा सोमबार बिहान ८ बजेदेखि मतदान सुरु भएको छ । गुजरातमा दोस्रो चरणको चुनावमा ६१ दलका ८३३ उम्मेदवार चुनावी मैदानमा छन्, जसको भाग्यको फैसला दुई करोड ५१ लाखभन्दा बढी मतदाताले गरेको छ । निर्वाचन आयोगले सोमवारको मतदानका लागि २६ हजार ४ ०९ मतदान केन्द्र स्थापना गरेको छ । यहाँ मतदानका लागि करिब ३६ हजार 'इलेक्ट्रोनिक भोटिङ मेसिन (इभीएम)' प्रयोग गरिएको छ । निर्वाचनका लागि १४ जिल्लामा करिब २९ हजार मतदान अधिकृत र ८४ हजारभन्दा बढी मतदान अधिकृत परिचालन गरिएको छ । गुजरातका मुख्य निर्वाचन अधिकृत पी भारतीका अनुसार कुल २६ हजार ४०९ मतदान केन्द्र तोकिएको छ । भारतीले भने , दोस्रो चरणमा १३ हजार ३१९ मतदान केन्द्रमा 'वेबकास्टिङ' हुनेछ । मतदानमा कूल दुई करोड ५१ लाख ५८ हजार ७३० मतदाता रहेका छन् । यसमध्ये एक करोड २९ लाख २६ हजार ५०१ पुरुष, एक करोड २२ लाख ३१ हजार ३३५ महिला र ८९४ तेस्रो लिङ्गी मतदाता रहेका छन् ।दोस्रो चरणमा अहमदाबाद, गान्धीनगर, मेहसाणा, पाटन, बनासकाण्ठा, साबरकाण्ठा, अरावली, महिसागर, पञ्चमहल, दाहोद, वडोदरा, आनन्द, खेड़ा र छोटा उदयपुर जिल्लाका ९३ सिटमा मतदान हुँदैछ ।गुजरातको अन्तिम चरणको मतदानमा प्रधानमन्त्री नरेन्द्र मोदी, केन्द्रीय गृहमन्त्री अमित शाह, उत्तर प्रदेशका राज्यपाल आनन्दीबेन पटेल, इसुदन गढवी, गुजरात काङ्ग्रेसका अध्यक्ष जगदीश ठाकोर, क्रिकेटर इरफान पठान, हार्दिक पाण्डेय र कृणाल पाण्डेयले मतदान गर्नेछन् ।डिसेम्बर १ मा भएको पहिलो चरणको मतदानमा गुजरातमा ६३.१४ प्रतिशत मतदान भएको थियो । कच्छ, सौराष्ट्र र दक्षिण गुजरात क्षेत्रका १९ जिल्लाका ८९ निर्वाचन क्षेत्रमा मतदान सम्पन्न भएको तर नतिजा दुबै चरणको एकै पटक डिसेम्बर ८ मा घोषणा गरिने बताइएको छ । हिमाचल प्रदेश विधानसभा चुनावको परिणाम पनि सोही दिन घोषणा हुनेछ । (रासस/एएनआई)

# नयां दिल्लीमा वायु प्रदुषणको मात्रा गम्भीर तहमा पुग्यो



नयाँ दिल्ली, १९ मङ्सिर

नयाँ दिल्लीमा वायु प्रदुषणको मात्रा पछिल्ला केही दिनमा बढ्दै गएको देखिएको छ ।

यहाँ आइतबार गरिएको मापनमा वायु प्रदुषणको मात्रा 'गम्भीर' तहमा पुगेको बताइएको हो । यहाँको प्रदुषण गम्भीर तहमा पुगेको पाइएपछि कतिपय निर्माणका कार्य, जलाउने या ध्वंस गर्ने कार्य तथा सडकमा भ्याकुम क्लिनरले सफा गर्ने काममा प्रतिबन्ध लगाइएको बताइएको छ । यहाँको वायु गुणस्तर व्यवस्थापन आयोग, सिएक्युएमले आइतबार प्रकाशन गरेको एक प्रेस विज्ञप्तिमा सो कुराको जानकारी दिइएको हो । उक्त विज्ञप्तिमा वायु प्रदुषणको मात्रा पछिल्ला दिनमा बढ्दै गएको र आइतबार यो मात्रा गम्भीर तहमा पुगेकाले सतर्कता अपनाउन आग्रह पनि गरिएको छ । सो प्रतिवेदनमा नयाँ दिल्लीमा वायु प्रदुषणको मात्रा गम्भीर तहमा पुगेकाले यसलाई कम गर्नका लागि आवश्यक सबै प्रकारका उपायहरु अपनाउन सरकारसँग आग्रह पनि गरिएको छ । सो आयोगको आइतबार अपराह्न ४ बजेको रिपोर्टमा वायु प्रदुषणको मात्रा (एक्युआई) गम्भीर तह अर्थात् चार सय सातमा पुगेको देखाइएको छ । यो एक्युआई तह दुई सय एक देखि तीन सयसम्म कमजोर अर्थात् खराब, तीन सय एकदेखि चार सयसम्म झन् खराब र चार सय एकदेखि माथि पाँच सयसम्मलाई गम्भीर तह अर्थात घातक मानिएको छ ।

नयाँ दिल्लीमा प्रायः जाडो समय (नोभेम्बरदेखि फेब्रुअरी) सम्म वायु प्रदुषणको मात्रा बढ्ने गरेको पाइन्छ । यसवर्ष अहिले नै यहाँको प्रदुषणको मात्रा गम्भीर तहमा पुगेकाले यस मौसममा वायु प्रदुषणको मात्रा निकै नै बढ्ने संकेत देखिएको हो । (रासस/सिन्ह्वा)

## विश्वकप फुटबल अपडेट

# विश्वकपको सपना साकार पार्ने एमबाप्पेको ध्यान



दोहा, १९ मङ्सिर

फ्रान्सका फरवार्ड केलियन एमबाप्पेले आइतबार कतारमा भएको खेलमा डिफेन्डिङ च्याम्पियन फ्रान्सलाई जीत दिलाउँदै दोस्रो पटक विश्वकपको उपाधि जित्ने आफ्नो 'सपना' साकार पार्न केन्द्रित रहेको बताएका छन् । एमबाप्पेको दुई गोलका साथै एक गोलका लागि बल पास गरेपछि पोल्याण्डलाई ३-१ ले पराजित गर्दै फ्रान्स अन्तिम आठमा पुगेको छ । क्वाटरफाइनलमा फ्रान्सले इग्ल्यान्डसँग खेल्नेछ । २३ वर्षीय र एमबाप्पेले यस प्रतियोगितामा पाँच गोल गरिसकेका छन् र विश्वकपमा उनको कुल गोल सङ्ख्या नौ पुगेको छ । म विश्वकपका उत्कृष्ट खेलाडी र सर्वाधिक गोलकर्तालाई प्रदान गरिने क्रमशः गोल्डेन बल वा गोल्डेन बुटबारे सोचिरहेको छैन, पेरिस सेन्ट जर्मेन (पिएसजी) का फरवार्डले भने । उनले भने, मेरो एकमात्र उद्देश्य विश्वकप जित्नु हो । अहिले क्वार्टरफाइनल सबैभन्दा महत्वपूर्ण कुरा हो । यो एक मात्र चीज हो जसले मेरो विश्वकप जित्ने सपना साकार पार्न सक्नेछ । म यहाँ विश्वकप जित्न र राष्ट्रिय टोलीलाई सहयोग गर्न आएको हुँ, अरु केही होइन । एमबाप्पेले आइतबारसम्म आफूले सञ्चारमाध्यमसँग कुरा नगर्नुको कारण पनि स्पष्ट पारेका छन् । उनले भने, पत्रकारप्रति मेरो व्यक्तिगत कुनै आपत्ति छैन । मैले फुटबल र प्रतियोगितामा मात्र ध्यान केन्द्रित गर्न आवश्यक छ । म कुनै कुरामा ध्यान केन्द्रित गर्नका लागि अपनाउने तरिका मात्र हो । उनले भने, म यो प्रतियोगिताका लागि तयार हुन चाहन्थें र अहिलेसम्म सबै कुरा राम्रो भइरहेको छ । तर हामी अझै पनि हाम्रो लक्ष्यबाट धेरै टाढा छौं र अब हामीले क्वार्टरफाइनलमा ध्यान केन्द्रित गर्नु पर्दछ । क्वाटरफाइनलमा पुग्न पाउँदा हामी निकै खुसी छौं । पोल्याण्डको विरूद्धमा खेल्नु एक कठिन क्षण थियो । हामीले कडा टोलीसँग खेल्यौं र खेलको समयमा महत्वपूर्ण समयमा गोल गर्न सफल भयौं । यद्यपि, अझैपनि हामीले राम्रो खेल्न सकेनौं, हामीले जित्यौं र हामी खुसी छौं । (रासस/एएफपी)

# फ्रान्स र इंगल्याण्ड क्वाटरफाइनलमा

काठमाडौं, १९ मंसिर



फ्रान्स फिफा विश्वकप फुटबल २०२२ को क्वाटरफाइनलमा पुगेको छ । कतारको अल थुमामा स्टेडियममा आज भएको खेलमा फ्रान्सले पोल्यान्डलाई ३-१ गोलअन्तरले पराजित गऱ्यो । जीतसँगै साविक विजेता फ्रान्स क्वाटरफाइनलमा पुग्ने तेस्रो टोली बन्यो । यसअघि हिजो सम्पन्न खेलमा नेदरल्यान्ड्स र अर्जेन्टिना क्वाटरफाइनलमा पुगिसकेका छन् । नेदरल्यान्डसले अमेरिकालाई ३-१ गोलअन्तरले हराउँदै क्वाटरफाइनलमा पुगेको थियो भने अर्जेन्टिनाले अस्ट्रेलियालाई २-१ गोलअन्तरले हराउँदै क्वाटरफाइनमा प्रवेश गरेको हो । फ्रान्सले खेलको पहिलो हाफमा एक गोल गऱ्यो भने दोस्रो हाफमा दुई गोल थप्यो । खेलको पहिलो हाफमा फ्रान्सका स्ट्राइकर ओलिभिएर जिरुडले गोल गर्दै पहिलो अग्रता लिए । उनले खेलको पहिलो हाफको ४४औं मिनेटमा किलियन एमबाप्पेको पासमा गोल गर्दै फ्रान्सलाई पहिलो अग्रता दिलाए । त्यस्तै खेलको ७४औं मिनेटमा एमबाप्पेले गोल गर्दै फ्रान्सको अग्रता दोब्बर बनाए । उनले ओस्मान डेम्बेलेको पासमा पेनाल्टी क्षेत्रभित्रबाट गरेको प्रहार गोलमा परिणत भएको थियो । त्यसपछि खेलको दोस्रो हाफको अत्तिरिक्त समयमा एमबाप्पेले व्यक्तिगत दोस्रो गोल गरेपछि फ्रान्सको जीत पक्का भएको थियो । खेलको दोस्रो हाफको अत्तिरिक्त समयको अन्तिम मिनेटमा पोल्यान्डले पेनाल्टीमार्फत् एक सानत्वना गोल गर्यो ।

रोबर्ट लेवान्डोस्कीको प्रहारलाई गोलरक्षक ह्युगो लोरिसले बचाए पनि रेफ्रीले पुनः प्रहार गर्न निर्णय दिए । प्रहार गर्नुअघि गोलरक्षक लोरिस गोललाइनबाट बाहिर आएकाले पुनः प्रहार गर्न पाएका थिए । दोस्रो प्रयासमा भने उनले गोल गर्न सफल भए ।विश्वकपमा फ्रान्स समूह डिको विजेताका रुपमा अन्तिम १६ मा प्रवेश गरेको थियो भने पोल्यान्ड समूह सिको उपविजेताको रुपमा अन्तिम १६ मा प्रवेश गरेको थियो ।

इङ्ग्ल्याण्ड क्वाटरफाइनलमा

इङ्ग्ल्याण्ड जारी विश्वकप फुटबल प्रतियोगिताको क्वाटरफाइनलमा प्रवेश गरेको छ । कतारको अल बयात रङ्गशालामा भएको खेलमा इङ्ग्ल्याण्डले सेनेगललाई ३-० गोल अन्तरले पराजित गर्दै क्वाटरफाइनलमा प्रवेश गरेको हो ।इङ्ग्ल्याण्डका लागि खेलको ३८औं मिनेटमा जोर्डान हेन्डर्सनले गोल गर्दै अग्रता दिलाए भने पहिलो हाफको अतिरिक्त समयमा हेरी केनले गोल गर्दै अग्रता दोब्बर बनाएका थिए । साथै, खेलको ५७औं मिनेटमा बुकायो साकाले थप एक गोल गर्दै इङ्ग्ल्याण्डलाई तीन गोलको अग्रता दिलाए । त्यसपछि खेलमा कुनै गोल हुन सकेन र खेल इङ्ग्ल्याण्डले ३-० ले जित्यो ।इङ्ग्ल्याण्डले क्वाटरफाइनलमा फ्रान्ससँग खेल्नेछ ।रासस



# महानगरमा अतिक्रमण हटाउने अभियान शुरु



मधशेदृष्टि
वीरगन्ज, मंसिर १९ ।
बीरगंज महानगरपालिकाले सोमबारबाट मेनरोडको अतिक्रमण हटाउने अभियान शुरु गरेको छ । पहिलो दिन जिल्ला प्रहरी कार्यालय अगाडिको रातो बंगला रहेको कम्पाउण्ड संगै जोडिएको घर टहरा हटाएको छ । महानगरपालिकाले वीरगंजको मेनरोड सहितका सडकको दायाँ बायाँ अतिक्रमण गरी बनाईएका घर, टहरा, हटाउन ३५ दिने सूचना जारी गरेको डेढ महिना पछि मेनरोडको अतिक्रमण हटाउने अभियान शुरु भएको हो । पहिलो चरणमा वीरगंजको लाल बंगला देखि भन्सार सम्मको मुख्य सडकको अतिक्रमण हटाउने योजनामा महानगरपालिका रहेको छ ।
नगर प्रमुख राजेशमान सिंहको निर्देशनमा आजबाट शुरु भएको अभियान मेनरोडमा भएको अतिक्रमण हटाउदै शंकराचार्य गेटमा पुगेर टुङ्गिने वीरगंज महानगरपालिकाका नगर प्रहरी इन्चार्ज हरि भुषालले बताए । सडक विभागले नगर क्षेत्रको अतिक्रमण हटाउन चासो नदिएपछि महानगरपालिकाले सक्रियता देखाएको छ ।

# जनकपुरधामका मेयर साहलाई वाणिज्य संघको ज्ञापन



मधेशदृष्टि
जनकपुरधाम, मंसिर १९ ।
जनकपुरधाम उद्योग वाणिज्य संघले जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साहलाई ध्यानाकर्षण गराउँदै ज्ञापनपत्र बुझाएको छ ।
जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठको नेतृत्वमा पुगेको टोलिले विभिन्न ७ सुत्रिय मागसहित नगरप्रमुख साहलाई ज्ञापनपत्र बुझाएको हो । वाणिज्य संघले बुझाएको ज्ञापनपत्रमा नेपाल सरकारले कृषि क्षेत्र र गैर कृषि क्षेत्र तोकी नक्साङ्कन गर्ने भनेको लामो समय वित्दा पनि सो वमोजिम नक्साङ्कन नगरिएकोले जग्गाको कित्ताकाट रोकिँदा उद्योग व्यापार नराम्ररी प्रभावित भएकोले अविलम्व नक्साङ्कन गरी पठाउने व्यवस्था गर्नुपर्ने, जनकपुरधामको नगर क्षेत्रमा कृषि बजारको अभाव रहेकोले ऐकिकृत कृषि बजार स्थापना गरिनुपर्ने, जनकपुरधाम उपमहानगरपालिकाको राजश्वमा वृद्धि गर्ने, रोजगारीका अवसर सिर्जना गर्ने र उद्योगमैत्री वातावरण निर्माण गर्न आफ्नै औद्योगिक क्षेत्र स्थापना गर्नुपर्नेलगायतका सुझावहरु समावेश गरिएको छ ।
त्यस्तै, जनकपुरधाम उपमहानगरपालिका प्रादेशिक राजधानीको रुपमा स्थापित भईसकेको अवस्थामा यस क्षेत्रमा ठूला स्टार होटलहरु स्थापना गर्न व्यवसायीहरु आकर्षित भएकोले परिक्रमा सडक बाहिर पर्ने गरी ठूला र व्यवसायिक भवन निर्माणमा घरको उचाई सम्बन्धी मापदण्ड हटाउने व्यवस्था मिलाउनुपर्ने, जनकपुरधाम आफैंमा ऐतिहासिक संस्कृतिक नगरको पहिचान कायम राखेकोले एकिकृत वधशाला निर्माण गरी खुला रुपमा माछा, मासु विक्री गर्ने नपाईने व्यवस्था गर्नुपर्ने, नगरभित्रको फोहोर व्यवस्थापनका लागि लामो समयदेखि सर्वजनिक महत्व र चासोको विषय ल्याण्ड फिल्ड साइट अविलम्ब निर्माण गुर्नुपर्ने मागसमेत उद्योगी व्यवसायीहरुले राखेका छन् ।
साथै जनकपुरधाम बजार क्षेत्र भित्रको सडकमा गरिने पार्किङ्गलाई व्यवस्थित गरि एकतर्फि पार्किङ्ग गर्ने व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गरि बाहिरबाट आउने पर्यटकका लागि पार्किङ्गको व्यवस्था मिलाई जनकपुरधामका मठमन्दिरसम्मको पहुँच सहज बनाउनसमेत उनीहरुले माग गरेका छन् ।जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष महासेठले उक्त कार्यक्रमहरुको सञ्चालन र व्यवस्थापन गर्नका लागि पूर्णढंगले सहकार्य गर्नसमेत आफूहरु तयार रहेको बताए ।

# लोककल्याणकारी विज्ञापन अनुगमन समिति गठन

मधेशदृष्टि
वीरगन्ज, मंसिर१९ ।
आम सञ्चार माध्यम अनुगमन प्रबर्द्धन तथा नियमन समितिको दोश्रो वैठक सम्पन्न भएको छ । वीरगंज महानगरपालिकाको सभा कक्षमा सम्पन्न वैठकले लोककल्याणकारी विज्ञापन वितरणका लागि वीरगंजमा रहेका पत्र पत्रिका, अनलाईन, रेडियो, टेलिभिजनको स्थलगत अनुगमन गरी १५ दिन भित्र समितिमा प्रतिवेदन पेश गर्ने निर्णय गरेको छ ।
अनुगमनका लागि ५ सदस्यीय समिति बनाईएको छ । त्यसैगरी वैठकले बीरगंज महानगरपालिकाको आम सञ्चार ऐनमा संशोधन गर्न समितिका सदस्य एवं अधिवक्ता राम नारायण कुर्मी, महानगरपालिकाका कानुन महाशाखाका प्रमुख ईश्वर बराललाई जिम्मेवारी दिएको छ । वैठकले बीरगंजबाट प्रकाशित हुने दैनिक पत्रिका, साप्ताहिक पत्रिका, रेडियो टेलिभिजन र अनलाईनहरुको अवस्थाका बारेमा सम्पादक तथा प्रकाशकहरुसँग छुट्टाछुटै अन्तरक्रिया गर्ने निर्णय समेत गरेको छ । आम सञ्चार माध्यम अनुगमन प्रबर्द्धन तथा नियमन समितिका संयोजक ध्रुव अधिकारीको अध्यक्षतामा सम्पन्न वैठकमा समितिका सदस्यहरु रामनारायण कुर्मी, सत्यराज घिमिरे, ईश्वर बराल, वृजलाल पासवान, मनोज पटेल, मुस्कान श्रेष्ठ, माधुरी महतो, नवराज फुयाँल, अमित साह, शम्भु कुशवाहा, अमित अग्रवाल, विरेन्द्र साह, आविद हुसेन लगायतको उपस्थिति रहेको थियो ।

# स्व. पत्रकार सर्राफको श्रद्धाञ्जली सभा




मधेशदृष्टि
वीरगन्ज, मंसिर१९।
हिन्दु स्वयमसेवक संघ पर्साको आयोजनामा आज पत्रकार स्व. नरेश सर्राफको श्रद्धाञ्जली सभा सम्पन्न भएको छ । संघको कार्यालय केशव धाम वीरगंजमा भएको श्रद्धाञ्जली सभामा वोल्ने वक्ताहरुले पत्रकार सर्राफको असामयिक निधनले पत्रकारिता क्षेत्रको साथ साथै हिन्दु स्वयम् सेवक संघको लागि ठूलो क्षति पुगेको वताएका छन् । पत्रकार सर्राफको जिवनको बारेमा बर्णन गर्दै वक्ताहरुले उनी असल, सालिन र इमान्दार व्यक्ति भएको वताए । पत्रकारिता क्षेत्रमा अलग पहिचान बनाएका सर्राफले धर्म रक्षा र संरक्षणको लागि पनि अतुल्निय काम गरेको वताए । उनको निधनले मधेश प्रदेश कै पत्रकारिता क्षेत्रमा क्षति पुगे जस्तो संघको लागि पनि ठूलो क्षति पुगेको वक्ताहरुको भनाई थियो । नेपाल पत्रकार महासंघ पर्साका जिल्ला कार्य समिति सदस्य समेत रहेका ३८ बर्षिय पत्रकार सर्राफको मंसिर १५ गते विहान व्ययाम गरिरहेको अवस्थामा हृदयघात भएर निधन भएको थियो । उहा हिन्दु स्वमसेवक संघ पर्साका जिल्ला प्रचार प्रमुख समेत हिनुहुन्थ्यो । हिन्दु स्वयमसेवक संघका विभाग संघचालक ललन द्विवेदीको अध्यक्षतामा भएको श्रद्धाञ्जली सभामा समाजवादी प्रेस संगठन पर्साका अध्यक्ष मनोज कुमार पटेल, उपाध्यक्ष शम्भु कुमार सुमन, पत्रकार एसके चौरसिया, युवा नेता राकेश यादवले स्व. पत्रकार सर्राफको जिवनको बारेमा बर्णन गरेका थिए भने कार्यक्रमको संचालन संघका जिल्ला कार्यवाह कृष्ण चौरसियाले गरेका थिए ।

# चिर शान्तिको कामना गर्दै शोक प्रस्ताव पारित

मधेशदृष्टि
वीरगंज, १९ मंसिर ।
नेपाल पत्रकार महासंघ पर्सा शाखाले कार्यसमिति सदस्य एवं कृयाशील युवा पत्रकार स्वं नरेश सर्राफको आत्माको चिर शान्तिको लागि शोक प्रस्ताव पारित गर्दै श्रद्धाञ्जली व्यक्त गरेको छ । सोमबार पत्रकार महासंघको भवनमा सम्पन्न शाखाको बैठकले स्वं सर्राफको १३ औ दिनको पुण्य तिथीमा श्रद्धाञ्जली सभा आयोजन गर्ने निर्णय पनि गरेको महासंघ पर्साका सचिव भूषण यादवले बताए । मंसिर २८ गते बुधबार श्रद्धाञ्जली सभाको आयोजन हुने छ। यस्तै बैठकले शाखाको बार्षिक सधारण पुस १ गते गर्ने निर्णय गरेको छ । प्रदेश र केन्द्रको सधारण सभा भन्दा अगाडि नै जिल्लाको सधारण सभा गर्नु पर्ने केन्द्रीय परिपत्रको आधारमा पर्सा शाखाको सधारण सभा पुस १ गते शुक्रबार गरिने निर्णय भएको सचिव यादवले बताए । नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष अनुप तिवारीको अध्यक्षतामा बैठक सम्पन्न भएको थियो ।
सधारण सभाको आवश्यक व्यवस्थापनको लागि अध्यक्ष तिवारी ,सचिव भूषण यादव र कोषाध्यक्ष संजिव मिश्रालाई जिम्मेवारी दिईएको छ ।

# शिक्षकहरु आन्दोलीत, मेयर भन्छन् कानुनी अड्चन छन




मधेशदृष्टि
जनकपुरधाम, मंसिर १९ ।
धनुषाका कमला नगरपालिकाका सामुदायीक विद्यालयका शिक्षकहरु आन्दोलित भएको छ । विगत पाच महिना देखि नगरपालिकाले तलब भत्ताबाट वंचित गरेपछि विद्यालयका शिक्षक तथा कर्मचारीहरु आन्दोलन गर्न बाध्य भएका हुन ।
कमला नगरपालिका अन्तरगतका शिक्षकहरु सोमवार देखि कमला नगरपालिकाको कार्यालयमा आनिश्चितकालीन धर्ना कार्यक्रम सुरु गरेको छ । साउन देखिनै तलव विहिन रहेको तथा नगरपालिकाका मेयर विशेश्वर यादवलाई पटक पटक ताकेता गर्दा पनि कुनै जवाफ नदिएपछि आन्दोलन गर्न बाध्य भएको संयुक्त शिक्षक संघर्ष समितिले जनाएको छ । समितिले सोमवारबाट विहान १० बजे देखि वेलुकि ५ बजे सम्म अनिश्चितकालीन धर्ना सुरु गरेको समितिका संयोजक अशोक मंडलले जानकारि दिएका छन ।
मंडलले दिएको जानकारि अनुसार नेपालीहरुको ठुलो पर्व विजयादशमीमा समेत आफुहरु तलब पाउनबाट वंचित रहेको र यसको विषयमा नगर प्रमुख विशेश्वर यादवलाई पटक पटक जानकारि गराउदा समेत तलवको विषयमा गम्भीर हुन सकेको छैन । नगर प्रमुख यादवले विद्यालयको विषयमा गम्भीरता नलिएकै कारण विद्यार्थीहरुले पाउने विभिन्न सुविधादेखि लिएर नगरपालिका अन्तरगतका सम्पुर्ण सामुदायीक विद्यालयका शिक्षक तथा कर्मचारीहरुले तलव पाउन नसकेका उनले वताए । उनले भने,नगरप्रमुख यादवलाई गम्भीर वनाउनैका लागि हामीले संयुक्त शिक्षक संघर्ष समिति गठन गरि सोमवार देखि अनिश्चितकालीन आन्दोलन सुरु गरेका छौ,यतिले पनि गम्भीर नभए सडक संघर्ष देखि लिएर विभिन्न किसीमको आन्दोलन गर्न वाध्य हुने छौ ।
यता नगरप्रमुख यादवले नगरपालिका अन्तरगतका शिक्षकहरुलाई नियतवश दुख नदिएको वताए । उपमेयर शिला देवी मंडलको बठयाईकै कारण शिक्षकहरु तलव पाउनबाट वंचित रहेको वताए । उनले भने,नगरसभामा नीति तथा कार्यक्रम प्रस्तुत गरिएपछि उपमेयर मंडलको अगुवाईमा वहिष्कार गरेर उच्च अदालतमा समेत मुद्दा गरियो,अब जवसम्म फैसला हुदैन तब सम्म तलव दिन सकिने अवस्था रहेको छैन । शिक्षकहरुलाई तलब खुवाउनका लागि आफुले कोलेनिकामा समेत आग्रह गरेको वताउदै नगर प्रमुख यादवले परिषद नभएसम्म तलव निष्कासन गर्न नसकिने जवाफ आएको वताए । शिक्षकहरुले तलब पाउनेनै हो त्यो आफुले रोक्ने पनि होइन तर उपमेयरको अडंगाले नै यस्तो किसीमको समस्या निम्तिएको र शिक्षकहरुको तलव रोक्ने आफनो कुनै नियत नरहेको वताए । उनले धर्ना समाप्त गरि अध्यापनमा पुनः लाग्न शिक्षकहरुलाई अनुरोध गर्दै नगर प्रमुख यादवले शिक्षकले तलव पाउने नै हो,कानुनी अडचन हटेसंगै तलव निकासा गर्ने उनको भनाई छ ।
कमला नगरपालिका अन्तरगत कुल १६ वटा विद्यालय रहेको छ । नगरप्रमुख र उपप्रमुख विच भएको विवादकै कारण विद्यार्थीहरुले पाउने सुविधा देखि लिएर शिक्षक तथा कर्मचारीहरुले समयमै तलव पाउनबाट वंचित रहेको छ । उपप्रमुख शिला देवी यसभन्दा पहिले पनि उपप्रमुख रहिसकेकी छन भने सो कार्यकाल पनि विवादीत रहेको स्थानियवासीहरुको भनाई रहेको छ ।

# पर्खाल निर्माण शिलान्यास



मधेशदृष्टि
वीरगन्ज, मंसिर १९ ।
सखुवा प्रसौनी गाउँपालिका वडा-२ रामभौरी स्थित शिव प्राथमिक विद्यालयको सौन्दर्यिकरण र पर्खाल निर्माणको शिलान्यास गरीएको छ । नेपाल सुशासन पार्टीका नेता शिव कुमार साहले सोमबार एक समारोहका विच शिव प्राथमिक विद्यालयको सौन्दर्यिकरण र पर्खाल निर्माणको शिलान्यास गरेका हुन् । मधेश प्रदेस सरकारको योजना अन्तर्गत रहेको शिव प्राथमिक विद्यालयको पर्खाल निर्माणका लागि छुट्याएको २५ लाखको लागतमा निर्माणकार्य ३ महिना भित्रमा सम्पन्न हुने उपभोक्ता समितीले जनाएको छ । मधेश प्रदेस सरकारले आम-नागरिकको माग अनुसार सामुदायिक स्तरमा स्कुल, रोड, नाला, सामुदायिक भवन, मन्दिर मस्जिद र कृषि विकास निर्माणको कार्यलाई तिब्रता दिदै आएकोमा यूवा नेता साहले कृतज्ञता व्यक्त गरेका छन् ।
शिलान्यास कार्यक्रममा वडा अध्यक्ष चिरञ्जीवी महतो, पुर्व गापा उपाध्यक्ष फुलमती चौधरी, समिति अध्यक्ष भुपदेव थारु, प्रधानाध्यापक. प्रेम चौधरी, पुर्व वडा अध्यक्ष नेयाज अहमद, स्थानीय प्रदीप चौधरी, फैयाज अहमद, बृजमोहन चौधरी, जगलाल साह कलवार, सिकेन्द्र सहनी, रामबाबु साह तेलि लगायत स्थानीय जनप्रतिनिधि, नागरिक सामाजका अगुवा, प्रहरी प्रशासन, पत्रकार एवं स्थानीयको उल्लेखनीय सहभागिता थियो ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल